
४७

# अमर ज्योति

साहित्यिक त्रैमासिक




## वार्षिकोत्सव कविता अङ्क

वर्ष : १७, पूर्णाङ्क ४७, २०७७ असार-साउन-भदौ जि.प्र.का.काठ.द.नं. १७७/०७२/०७३

# अमर ज्योति

साहित्यिक त्रैमासिक

संरक्षक
**कुलमान घिसिङ**

प्रधान सम्पादक
**कृष्णदेव रिमाल 'शब्दसेना'**

कार्यकारी सम्पादक
**विष्णुप्रसाद आचार्य 'अतृप्त'**

सम्पादक समिति
**रमेश सागर**
**आविष्कार कला**
**रीता चालिसे**
**यादवराज घले**

व्यवस्थापक
**सङ्गीता अधिकारी**
**शारदा पोखरेल**
**बलराम पुडासैनी**

आवरण कला
**उपेन्द्र शिवाकोटी**

सल्लाहकार
**मातृका पोखरेल**
**कुलप्रसाद पराजुली**
**विष्णुबहादुर सिंह**
**पुण्य घिमिरे**
**रामेश्वर राउत मातृदास**

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर
आर.आर. चौलागाई, हेटौंडा
नवराज भट्ट, नेपालगञ्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा

संस्थागत मूल्य : २००.००
व्यक्तिगत मूल्य : ५०.००

प्रकाशक

**विद्युतकर्मी साहित्यिक समाज**
नेपाल विद्युत प्राधिकरण

सम्पर्क
रत्नपार्क, काठमाडौँ, नेपाल
विद्युतीय ठेगाना: amarjyoti@nea.org.np
फोन नं. : ०१-४१५३०८९

शब्दघर छापाखाना, बागबजार, काठमाडौँ ०१-४२४४५९७ द्वारा मुद्रित

# शहरी गमलामा फक्रेको गाउँमुखी साहित्य

गाउँको कहरबाट मुक्ति पाउने आशामा हामी शहर पस्छौँ। शहरी भौतिक सुविधा र रहन-सहनमा घुलमिल हुन थालेपछि तन गाउँ फर्कन तयार हुँदैन । तर, अचम्मको कुरा यो छ कि– भौतिक अवस्थिति शहरमा भए पनि मानिसको मन र अभिरुचि भने सधैँ गाउँसँगै जोडिएर प्रकट हुने गर्छ । यो विरोधाभासपूर्ण मानव-मनोविज्ञान सरसर्ती हेर्दा बढो गज्जबको देखिन्छ ।

शहरमा बस्नेहरू अर्गानिक चीजबीजप्रति मरिहत्ते गर्छन् । पानीघट्टमा पिसेको पिठो, गुन्द्रुकको अचार, मूलाको सिन्की, कालो निगुरो शहरियालाई असाध्यै मन पर्छ । बसाइ शहरमा भए पनि कुरा गाउँकै बढी हुन्छ– चोक, चियापसलमा । औपचारिक कार्यक्रमहरूमा जातिगत पहिचान बोकेका गाउँले वेशभूषा खूबै हिट हुन थालेका छन् । हिमाली हावा, जरुवाको पानी, खाडी खेतको रोपाईं, रत्यौलीको रन्को आदि अनेकन् विषयवस्तुमा हामी घण्टौँ गफिन्छौँ र गाउँ सम्फेर नोस्टाल्जिक हुन्छौँ ।

रोपाइँगीत हाम्रो गला-गलामा छ । हिमाली राता गुराँस हाम्रो गाला-गालामा छ । मनमा गाउँको गङ्गा बहेकै कारण शहरको ढलमिश्रित पानीमा नुहाएर पनि चङ्गा भएको महसुस गर्न पाएका हौँ हामीले । गाउँ प्रकृति हो, संस्कृति हो, संस्कार हो र सभ्यताको आधार पनि हो । त्यसैले हामीले लेख्ने साहित्यमा अधिकांशतः गाउँले परिवेश, ग्रामीण पात्र, ग्राम्य भाषा र गाउँकै छायाछवि उत्रिएको हुन्छ ।

लेखनलाई सुन्दर पार्न प्रयोग गरिने विम्ब र प्रतीकहरू अधिकांश ग्रामीण परिवेशबाटै टिपिएका हुन्छन् । छाँगा-छहरा, फूल-लहरा, पानी-पँधेरो, लेक-बँसीआदि ग्रामीण विम्बहरू साहित्यको क्यानभासमा मुस्कुराएका देखिन्छन् । शान्ति र स्वतन्त्रताको खोजी मानिसको नैसर्गिक स्वभाव

हो र यी दुवैको प्रचुरता गाउँमै छ । त्यसैले हामीले साहित्यमा गाउँ लेख्नु भनेको परोक्ष रूपमा आदिम मानवीय नैसर्गिक स्वभावको पक्षपोषण गर्नु नै हो ।

कैयौँ बाध्यताहरूले हामीलाई शहरतिर धकेलेको हुन्छ । करकापमा गरिएको निर्णयमा मन रमाइरहन सक्दैन । मन बारम्बर गाउँतिरै फर्कन खोज्छ । त्यसैले, साहित्यमा गाउँकै माटोको सुवास मगमगाउनु अनौठो होइन । शहरमा बसेर गाउँलाई लेख्नु अपराध पनि होइन । तर, शहरमा बसेर गाउँको साहित्य लेखिरहँदा र गाउँकै प्रशस्ति गाइरहँदा लेखकीय इमानदारिता कहाँनिर बाँच्छ त ? भन्ने प्रश्न भने निकै पेचिलो छ ।

अव्यवस्थित शहरीकरण र योजनाबद्ध विकास–प्रयासको अभावमा हामी बसेको शहर कुरूप भएको छ । हामी बसेको सबै शहर गाउँकै भौतिक पूर्वाधारसहितको संरचनात्मक रूपान्तरण हो । कुरा यति हो कि– यसरी रूपान्तरण गर्दा हामीले गाउँको मौलिकताको जगेर्ना गर्न सकेनौँ । अतः अबको नीति शहरलाई शहरीकरण गर्ने होइन; गाउँलाई शहरीकरण गर्ने हुनुपर्छ । गाउँमा शहरी पूर्वाधार पुऱ्याएर गाउँलाई गाउँले चरित्रको शहरमा रूपान्तरण गर्नेतर्फ लक्षित हुनुपर्छ ।

त्यसपछि हामीले शहरको सुविधामा रमाएर गाउँको कथा–व्यथालाई साहित्यमा उधिन्नै पर्दैन । हरेक गाउँ शहर बन्यो भने हामीले शहर आउनुपर्दैन; बरू हामी सबै स्वतः शहरकै बासिन्दा हुनेछौँ । यसो गर्न सके नेपाल शहर नै शहरको मुलुक हुनेछ; गाउँले मौलिकतायुक्त शहरमै बसेर शहरी साहित्य लेख्ने दिन आउनेछ; लेखनले न्याय पाउनेछ र सर्वत्र लेखकीय इमानदारिता मुखरित हुनेछ ।

– ***अतृप्त***

# अमरज्योति साहित्यिक त्रैमासिकका लागि लेखरचना उपलब्ध गराउने बारेको सूचना

विद्युतकर्मी साहित्यिक समाजद्वारा नियमित रूपमा प्रकाशित हुँदै आएको 'अमरज्योति साहित्यिक त्रैमासिक'को आगामी अङ्कका लागि निम्नानुसारका लेखरचनाहरू यथासक्य छिटो पठाइदिनुहुन समस्त सर्जक/समीक्षक महानुभावहरूलाई अनुरोध गरिन्छ :

**१. साहित्यका विविध विधासँग सम्बन्धित सिर्जनात्मक लेखहरू**

**२. समीक्षात्मक, अनुसन्धानात्मक वा संस्मरणात्मक भाषिक एवम् साहित्यिक लेखरचनाहरू**

**३. साहित्यका विभिन्न सिद्वान्त र वादहरूका सम्बन्धमा पूर्वीय र पाश्चात्य दृष्टिकोणसम्बन्धी आलेखहरू**

**४. नेपाली र विश्वसाहित्यमा देखापरेका नवीन मान्यतामा आधारित लेख रचनाहरू**

**५. अनुवाद साहित्य एवम् कला र संस्कृतिसम्बन्धी लेख-रचनाहरू ।**

उपरोक्त अनुसारको अप्रकाशित लेखरचना प्रीति फन्टमा टाइप गरी निम्नलिखित विद्युतीय ठेगानामा फोटोसहित पठाइदिनुहुन साथै यस पत्रिकाका लागि प्रेषित सामग्रीहरू ६ महिनासम्म अन्य पत्रिकामा नपठाइदिनुहुनसमेत अनुरोध गरिन्छ ।

**लेख/रचना पठाउने विद्युतीय ठेगानाः**
amarjyoti@nea.org.np

विद्युतकर्मी साहित्यिक समाज परिवार
नेपाल विद्युत प्राधिकरण

# शुभकामना



नेपाल विद्युत प्राधिकरण विद्युतकर्मी साहित्यिक समाजले ने.वि.प्रा.को ३४ औँ वार्षिकोत्सवका अवसरमा आयोजित कविता प्रतियोगितामा वाचन भएका कविताहरू र अन्य विविध साहित्यिक सामग्रीहरूको सङ्गालोका रूपमा 'अमरज्योति' साहित्यिक त्रैमासिक पत्रिकाको नयाँ अङ्क प्रकाशित गर्न लागेको खबरले हर्षित भएको छु ।

नेपाल विद्युत प्राधिकरणले वार्षिकोत्सवको अवसर पारेर हरेक वर्ष रक्तदान, खेलकुद, हाजिरीजवाफ, कवितावाचन, वक्तृत्वकला-जस्ता शारीरिक एवम् मानसिक विकाससँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ । यसै मेसोमा अतिरिक्त क्रियाकलाप समितिअन्तर्गत कविता-वाचन उपसमिति गठन हुने गरेको र सो उपसमितिले प्रत्येक वर्ष वार्षिकोत्सवको पूर्वसन्ध्यामा प्रतियोगितात्मक कविता-वाचन कार्यक्रम सञ्चालन गर्ने गरेको छ । सो कार्यक्रममा वाचित कविताहरूलाई पुस्तकका रूपमा प्रकाशन गर्ने जिम्मेवारी विद्युतकर्मी साहित्यिक समाजले निर्वाह गर्दै आइरहेको छ ।

यस साहित्यिक पत्रिकाले एकातिर नेपाल विद्युत प्राधिकरणमा कार्यरत साहित्यिक प्रतिभाहरूको खोजी गरी त्यस्ता प्रतिभाहरूलाई अझै सशक्त र सिर्जनशील बनाउने कार्य गर्दै आएको छ भने अर्कातिर संस्थाबाहिरका प्रतिष्ठित साहित्यकारका रचनाहरूलाई समेत प्रकाशित गरेर संस्थाभित्र र बाहिरका सर्जकहरूलाई भावनात्मक रूपमा एकाकार गर्ने महत्त्वपूर्ण कडीको रूपमा कार्य गर्दै आइरहेको छ । तसर्थ, विविध क्षेत्रका सर्जकहरूले सिर्जना गरेका साहित्यिक

रचनाहरूको रसास्वादन गराएर मानव-मनका कलुषित विचार र भावनाहरूको शुद्धीकरण गर्ने उद्देश्यमा विगतका अङ्कहरूझैँ यो अङ्क पनि सार्थक र उपलब्धिमूलक हुनेछ भन्ने कुरामा म विश्वस्त छु ।

सत्यम्, शिवम् र सुन्दरम्को समन्वय गरी जीवन र जगत्मा चेतनाको उज्यालो फैलाउन, सामाजिक विकृति हटाउन एवम् मानवलाई कर्तव्य र जिम्मेवारीबोध गराउनसमेत साहित्यले विशिष्ट भूमिका खेल्ने भएकोले यस अङ्कमा प्रकाशित कविता र अन्य सिर्जनात्मक आलेखहरूले आ-आफ्नो कर्मक्षेत्रमा संलग्न सबैलाई दैनिक सम्पादन गर्नुपर्ने कार्यहरूमा स्वयम्प्रेरित हुन र जिम्मेवारीबोध गर्न समेत प्रेरित गरोस् भन्ने शुभकामना व्यक्त गर्दै यस पत्रिकाको स्तरवृद्धि र निरन्तरताको कामना गर्दछु ।



**कुलमान घिसिङ**
**कार्यकारी निर्देशक, ने.वि.प्रा.**
**एवम् संरक्षक**
**विद्युतकर्मी साहित्यिक समाज**

# शुभकामना




विगत लामो समयदेखि विविध साहित्यिक सामग्रीहरू प्रकाशित गरेर आमकर्मचारी एवम् साहित्यप्रति रुचि राख्ने सबैलाई मनोरञ्जनका साथै उपयोगी सन्देशसमेत प्रवाह गर्दै आइरहेको 'अमरज्योति' साहित्यिक त्रैमासिक पत्रिकाको कविता सङ्कलनको नयाँ अङ्क प्रकाशित हुन लागेको खबरले अत्यन्त खुसी लागेको छ ।

नेपाल विद्युत प्राधिकरणले हरेक वर्ष आयोजना गर्ने कविता प्रतियोगितामा वाचित कविताहरूलाई पछिल्लो वर्षमा पुस्तकाकार रूपमा प्रकाशित गर्दै आइरहेको छ । यसै सिलसिलामा गत ३४ औँ वार्षिकोत्सवमा वाचित कविताहरूको सङ्कलन विशेषाङ्कका रूपमा 'अमरज्योति' साहित्यिक पत्रिकाको नयाँ अङ्क प्रकाशित हुन लागेको हो । यस अङ्कमा मुख्य रूपमा कविता-विधाले नै स्थान पाउने भए तापनि अन्य महत्त्वपूर्ण साहित्यिक खुराकहरूसमेत समावेश हुने र यस अङ्क पनि विगतका अङ्कहरूभैँ विशिष्ट र सङ्ग्रहणीय बन्न सफल हुने कुरामा म विश्वस्त छु ।

साहित्यले भावमय विचारलाई सुन्दर शैलीमा अभिव्यक्ति दिन्छ । यही सुन्दरताले मानव-मनमस्तिष्कमा अनौठो तरङ्ग पैदा गर्छ; जसका कारण मानवीय आचरणको विकासमा प्रत्यक्ष र परोक्ष योगदान पुगिरहेको हुन्छ । साहित्यलाई शब्दविम्बको माध्यमबाट मानिसको चिन्तन, व्यवहार र कार्यशैलीमा परिष्कार ल्याउने 'मन्द औषधि'का रूपमा पनि लिन सकिन्छ । साहित्यकै एक भेद मानिने कविता विधालाई प्राथमिकता दिई प्रकाशित हुन लागेको यस नयाँ अङ्कमा

समावेश हुने रचनाहरू पनि माथिकै कथनलाई पुष्टि गर्न सक्षम हुने कुरामा बलियो विश्वास गरेको छु ।

जसरी नेपाल विद्युत प्राधिकरणमा रहेर हामीले बिजुलीको उज्यालो वितरण गर्दै सबैको दैनिकीलाई सरल र सहज तुल्याउँदै लगेका छौँ, त्यसैगरी साहित्यिक बिजुलीको आलोकले पनि सबैको चित्तवृत्ति चम्किलो र सुकिलो पार्न सक्यौँ भने हाम्रो संस्थाले आन्तरिक र बाह्य दुवैथरि प्रकाश सँगसँगै वितरण गरेको ठहरिनेछ । तसर्थ, यस दिशामा 'अमरज्योति' पत्रिकाको यो अङ्क सफल रहोस् भन्ने हार्दिक शुभेच्छाका साथ पत्रिकाको निरन्तरता र उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।



**लेखनाथ कोइराला**
**संयोजक**
**३५ औँ वार्षिकोत्सव मूल समारोह समिति**

# शुभकामना



नेपाल विद्युत प्राधिकरणले आफ्नो वार्षिकोत्सवको अवसरमा हरेक वर्ष अतिरिक्त क्रियाकलापको रूपमा रक्तदान, खेलकुद, हाजिरिजवाफ, कविताबाचन, वक्तृत्वकलाजस्ता शारीरिक एवम् मानसिक विकाससँग सम्बन्धित क्रियाकलाप सञ्चालन गरी सृजनशीलता, शारीरिक स्वास्थ्य, बौद्धिक विकास, आपसी सहकार्य, भाइचाराको अभिवृद्धिजन्य कार्य गर्दै आएकोमा कोभिड-१९ बाट सृजित विषम परिस्थितिले गर्दा केही सीमितबाहेकका अन्य क्रियाकलाप स्वास्थ्यका दृष्टिकोणले सञ्चालन गर्न सकिएन ।

नेपाल विद्युत प्राधिकरणको अघिल्लो चौँतीसौँ वार्षिकोत्सवका अवसरमा आयोजित अतिरिक्त क्रियाकलापमा सहभागी प्रतियोगीहरूले प्राप्त गरेको उत्कृष्टताको स्थानसमेत उल्लेख गरेर संस्थाको ऐतिहासिक दस्ताबेजका रूपमा साहित्यिक पत्रिका प्रकाशन हुन लागेकोमा मलाई निकै खुशी लागेको छ । कविता विषेशाङ्क भएकाले यस अङ्कले आफ्ना पाठकहरूलाई भावनोत्सव गराउने र नवसर्जकहरूलाई समेत हौसला प्रदान गर्ने भएकाले यस 'अमरज्योति' प्रकाशन कर्मलाई नेपाल विद्युत प्राधिकरणले निरन्तर अगाडि बढाइ नै रहेको छ ।

साहित्यका माध्यमबाट राज्य सञ्चालन, समाज र जीवनदर्शन-लगायतका क्षेत्रमा घटेका र घट्न सक्ने सम्भावित घटना र त्यसमा लिनुपर्ने सचेतनालाई उजागार गर्न सकिन्छ । साहित्यिक सिर्जना जति सरल, सरस, स्पष्ट र चोटिलो भयो, त्यति नै सर्जक र कृतिको लोकप्रियता बढ्दछ । साहित्यमा सर्जकको कथनी र करनीमा तादात्म्यता हुन सक्यो भनेमात्र कृतिकार र कृतिलाई पाठकवर्गले

श्रद्धाभावले हेर्ने र तदनुरूपको व्यवहार अनुकरण गर्ने परम्पराको थालनी हुन सक्दछ । त्यस्ता कृतिलाई पाठकले रसास्वादन गर्दा ज्ञानको साथमा विवेकसमेत अभिवृद्धि हुने भएकाले यस अङ्कले समेत पाठकवर्गलाई भावनात्मक रूपले उद्वेलित बनाउनेछ भन्ने विश्वासका साथ यस पत्रिकाले नेपाली साहित्यको क्षेत्रमा 'आहा !' पदवी पाउन सफल होस् भन्ने हार्दिक कामना गर्दछु ।



**तुलाराम गिरी**

**संयोजक**

**३५ औँ वार्षिकोत्सव अतिरिक्त क्रियाकलाप उप-समिति**

# यस अङ्कमा

## विशेष कविता


- राष्ट्रकवि माधवप्रसाद घिमिरे १२


## ३४ औँ वार्षिकोत्सवमा वाचित कविताहरू


- सागर शिवाकोटी १३
- शारदाप्रसाद भट्टराई १५
- उमा न्यौपाने १७
- नारायण रेग्मी १९
- राजनऋषि कँडेल २१
- राजेन्द्रकुमार श्रेष्ठ २३
- प्रसून अधिकारी २५
- हरिप्रसाद रूपाखेती २७
- रीता खनाल २८
- कृष्णकुमारी बस्याल ३०
- मुकुन्द प्रसाईं ३२
- कपिलचन्द्र बस्ताकोटी ३४
- सफल देवकोटा ३६
- नारायणप्रसाद रिजाल ३८
- विकास चित्रकार ४०
- सागर ज्ञवाली ४१
- आविष्कार कला ४३
- लक्ष्मण घिमिरे ४५
- सङ्गीता अधिकारी ४७
- शारदादेवी पोखेल भट्टराई ४९
- सुजाता थापा ५०
- पोषराज सुवेदी ५२
- शम्शेरबहादुर न्हुछैँ प्रधान ५३
- ध्रुवराज न्यौपाने ५४
- मनुकुमारी पुलामीमगर ५५
- बोदनाथ रिमाल ५७
- रामराजा ओझा ५८


## लघुकथा


- मनोरञ्जन मल्ल ठकुरी ५९


## अतिथि कविहरू


- विष्णुबहादुर सिंह ६१
- पुण्यप्रसाद घिमिरे ६२
- रामेश्वर राउत मातृदास ६४

## राष्ट्रकवि माधवप्रसाद घिमिरे

# सगरमाथा महान् हेर



सगरमाथा महान् हेर, त्यहाँ नौलो बिहान हेर
सधैँसधैँ स्वाधीन बन्ने नेपालीको अडान हेर ।

धर्ती जहाँ मुस्कुराउँछिन् उघारेर अधर
जहाँ खुल्छ उत्तरमा हिउँचुलीको लहर
धरतीको सिरान हेर, त्यहाँ मीठो मुस्कान हेर
सधैँसधैँ स्वाधीन बन्ने नेपालीको अडान हेर ।

ढालूँ भन्छ आँधीबेरी, छोपूँ भन्छ बादल
किन्तु हिमाल उस्तै अटल, किन्तु उस्तै उज्ज्वल
नटुक्रिने चट्टान हेर, त्यहाँ आत्मसम्मान हेर
सधैँसधैँ स्वाधीन बन्ने नेपालीको अडान हेर ।

लोकको गरूँ हित भनी प्युँछौँ विषै पनि
काली, कोशी भुलभुलाउँछन् परेलीको मनि
करुणाको मुहान हेर, त्यहाँ बुद्ध भगवान् हेर
सधैँसधैँ स्वाधीन बन्ने नेपालीको अडान हेर ।

■■

*अग्रज साहित्यकारहरूको सिर्जनाले नवसर्जकलाई अभिप्रेरित गरोस् भन्ने उद्देश्यले राष्ट्रकविको यो कविता प्रस्तुत गरिएको छ ।*

सागर शिवाकोटी

# मेरो सपना र मुसाहरू



आज सबेरै देखेँ–
मैले जोगाएर, टम्म मुख बाँधेर राखेको
मेरो सपनाको बोरामा प्वाल परेको छ
त्यो प्वालभित्र एक हूल दुब्ला मुसाहरू छिर्दै छन्
र, मेरो सपनाको अनाज निल्दै छन् ।

बेहुलाविनाको बहुला जन्तीझैँ
उफ्रँदै, नाच्दै अघि बढ्दै छ एक हूल मुसाको साम्राज्य
अगाडि आउने सबलाई लछार्दै
निर्धा बलिया सबलाई पछार्दै
कलाविहीन शृङ्गारले पोतिएको एक बूढो अनुहारलाई
नक्कली बेहुला बनाएर
बाङ्गा-टिङ्गा अक्षरले रक्तिम तुलमाथि शुभविवाह लेखेर
ती मुसाको जन्ती
मेरो सपनाको भकारीमाथि निर्लज्ज परेड खेल्दै छन् ।

ती पालैपालो चुस्छन्; क्रमैसँग मोटाउँछन्
ती जति मोटाउँदै जान्छन्
मेरो सपनाको भकारी दुब्लाउँदै जान्छ
ती जति फैलिँदै जान्छन्
मेरो सपनाको आकाश साँघुरिँदै जान्छ
मैबाट शक्ति थुतेर शक्तिवान् भएका मुसाहरू

म शक्तिविहीन भइरहँदा
मेरै अगाडि चुइँकिरहन्छन्
मैबाट गति टिपेर
गतिवान् भएका मुसाहरू
म गतिहीन भइरहँदा
मेरै अगाडि दौडिरहन्छन्
ती बूट बजार्छन्
हर्काछन्, लतार्छन्, पछार्छन्
गन्तव्यहीन बटुवाको बक्र पदचापझैँ
कहिले टक्क अडिँदै
कहिले जोडले दगुर्दै
चाल बिग्रिएको घडीले झैँ
वरिपरिको समयलाई दूषित बनाउँछन् ।

बोराभित्रका मेरा सपना रित्तिएपछि
ती फेरि भोकाउँछन्
अनि, मेरो टाउकामा बन्दुक राखेर
मलाई जबर्जस्ती सुत्न लगाउँछन्
र, मेरा तिलस्मी सपनाले भरिएको
निद्राको अगाडि
मासु पसलअगाडिको
भुस्याहा कुकुरले झैँ स्याँ-स्याँ गर्दै
म नबिउँझिन्जेलसम्म पर्खिरहन्छन्
सपनाको बोरा नभरुञ्जेल पर्खिरहन्छन्
र, म सबेरै उठ्ता
तम्तयार हुन्छ
मुसाको एक नयाँ हूल–
मेरो भकारीमा प्वाल पार्न
मेरो सपनामाथि परेड खेल्न !

■■

*समुन्द्रटार, त्रिशूली ३ बि १३२ के.भी. प्रसारण लाइन आयोजना*



द्वितीय स्थान प्राप्त कविता



## शारदाप्रसाद भट्टराई 'वशिष्ठ बन्धु'

# मलाई 'म' मन पऱ्यो



### १. बुद्ध

बिहे गऱ्यो तर स्वास्नी छाड्यो
बालक छोरो चटक्कै भुल्यो
आधा रातमा सुटुक्क घर छाड्यो, वर्षौं हरायो
भन्छन्– बुद्ध निष्ठुरी थियो
मलाई त्यै निष्ठुरी बुद्ध औधि मन पऱ्यो ।

### २. सिद्धिनरसिंह

उत्पात गर्मी हुन्थ्यो; पञ्चाग्नि ताप्थ्यो
उत्पात ठिही चल्थ्यो; चिसो ढुङ्गामा सुत्थ्यो
भन्छन्– सिद्धिनरसिंह अघोरी थियो
मलाई त्यै अघोरी सिद्धिनरसिंह अति मन पऱ्यो ।

### ३. जङ्गबहादुर

आँटी थियो; जङ्गी थियो
सम्भवतः बहादुर पनि थियो
आदेश पालन गर्न हो या कसैलाई खुशी पार्न
धरहराको टुप्पोबाट फाल हान्थ्यो
भन्छन्– जङ्गबहादुर दुस्साहसी थियो
मलाई त्यै दुस्साहसी जङ्गे बिघ्नै मन पऱ्यो ।

### ४. देवकोटा

कलम चलिरहन्थ्यो; कविता जन्मिरहन्थ्यो
चुरोट सल्किरहन्थ्यो; औँलो जलिरहन्थ्यो
तैपनि, ऊ लेखिरहन्थ्यो
भन्छन्– देवकोटा पागल थियो
मलाई त्यै पागल देवकोटा बेहद मन पऱ्यो ।

## ५. हरिभक्त कटुवाल

मीठा-मीठा गीत रच्थ्यो
बेपर्वाह पिउँथ्यो; चोक, गल्ली हल्लिँदै हिड्थ्यो
यदाकदा झगडा पनि गर्थ्यो
भन्छन्– हरिभक्त जँड्याहा थियो
मलाई त्यै जँड्याहा कटुवाल उधुम मन पऱ्यो ।

## ६. निरो

रोम जलिरहेथ्यो; हाहाकार मच्चिरहेथ्यो
रोमबासी रोइरहेथे, निरो बाँसुरी बजाइरहेथ्यो
भन्छन्– निरो बिन्दास थियो
मलाई टाढाको त्यो बिन्दास निरो त झन् असाध्यै मन पऱ्यो ।

## ७. म

दुनियाँ उल्टो, सुल्टो जता हिँडोस्
हुरी चलोस् या बाढी बगोस्
आफ्नो बाटो; आफ्नो सूर नछाड्ने
आफ्नै मनको राजा म
म उर्फ 'वशिष्ठ बन्धु'
आखिर म आफैँलाई किनकिन आज
सबैभन्दा 'म' बिछट्टै मन पऱ्यो । ■■



तृतीय स्थान प्राप्त कविता



## उमा न्यौपाने

# टीका

यसपालि नि बाडुली लगाइसक्यौ है आमा !
पुनः तिम्रासामु पर्ने हुर्मत जुटेको छैन ।

दुर्गा, सप्तसती कण्ठ पारेँ, कालरात्रि बिर्सिएछु
तन्त्रसँगै वस्त्र फेरेँ, मनको रावण 'मै हुँ' भन्छ
दानवहरूले ताण्डव मच्चाइरहँदा
कुन विजयोत्सवको प्रसाद ग्रहण गर्न आऊँ ?

फाटेको जामामै सपना उडे बुबासँगै साउदीतिर
रातो बाकस र रातो किताबको सम्बन्ध कसरी बुझोस् !
गरिबीले गौँथलीलाई गाँजेको बेला
कुन खुसियालीको टीका थाप्न आऊँ ?

सपना भैदिए हुन्थ्यो -
बलिष्ठ पाखुराले निर्दोष घाँटी निमोठेको
बचेराले आँखा नखोल्दै पखेँटा उखेली रग्ताम्य पारेको
आफ्नै पुरुषत्वमा प्रश्नचिह्न लगाइँदा
कुन उत्सवको टीका थाप्न आऊँ ?

माइला दाइको खुट्टै छैन, रामप्यारी भक्कानिन्छे
लाक्पाले लिपुलेकमा कसम खाँदा ल्होमान्थाङ मुस्काउँछ
तर,

देवनारायणको छातीमा देशभक्ति दन्किँदा
कुन दिवसको शुभकामना दिन आऊँ ?

आमा !
जुन दिन उजेली नयाँ जामामा फुरुङ्ग हुँदै
गाउँघरको फन्को मार्न डराउँदिन
ठूलीमायाहरू योगमाया र चरीमायाको हिम्मत बोकेर
आङ्रितासँगै सगरमाथा पुग्छन्
जुन दिन खाडीको मरीचिकालाई कर्णालीले तृप्त पार्छे
त्यस बिहानीको झुल्के घामले तिमीलाई नछुँदै
म तिम्रा पाउमा हुनेछु
निधारभरि टीका, माथभरि आशीर्वाद थापेर
तिम्रै साथमा रमाउनेछु; तिम्रै काखमा निदाउनेछु ।

■■

*आयोजना व्यवस्थापन निर्देशनालय*
*नेपाल विद्युत प्राधिकरण*





नारायण रेग्मी

# गोरु

म गोरु हुँ
हो, म गोरु हुँ ।

सानै छँदा त काखमा नि राख्थे
मसारमुसुर गर्दै गला सुमसुमाउँथे
जता गयो– माया नै माया
दाम्लोमा होइन; स्वतन्त्र छाडिदिन्थे ।

पुन्टे होइन; भ्यान्टे भन्छन् आजकल
बाच्छो होइन; गोरु भन्छन् आजकल
हो, त्यसैले म गोरु हुँ
असारे धान रोप्दाको गोरु हुँ
मङ्सिरमा गहुँ छर्दाको गोरु हुँ
चैतको पटपटी डल्ला फोड्ने
तोरी र मकै छर्दाको गोरु हुँ ।

जति नै पेल्छु; पेलिएको पेलियै छु
जुवाको बीच हल्लुँडो त्यसै घोटेको घोट्यै छु
सोइलाको धारले घाँटीमा मेरो कोपेको कोप्यै छन्
माइला दाइले पछाडिबाट ठोकेको ठोक्यै छन्

जब साँझ ढल्दै जान्छ
उकालो बाटो खुट्टा लरबराउँछन्
त्यसैमाथि हिँड्, छिटो हिड्ँ भन्दै
हलोबाट अनौ झिकी ढाडमा बजाउँछन्
ए दु:खी कर्म ! भन्दै हिँड्छु
हालेर सुस्केरा
यो ज्यान सस्तो ढल्ने पो हो कि
सास त्यसै फुस्केर !

आमा मलाई कुर्दै होलिन्
मेरो बाटो हेर्दै
बडहरको एउटा डालो
मेरा लागि छाड्दै ।

गर्वसाथ भन्छु–
म गौमाताको छोरो हुँ
तर
सबैका लागि असारे गोरु हुँ ।
■■



## राजनऋषि कँडेल

# शुभकामना



ने.वि.प्रा. तिमी वयस्क हुँदै छौ आज
चौँतीस वसन्तको जोश, उमङ्ग र ऊर्जा
छचल्किएको छ तिमीमा
तिम्रो जन्मदिनको यादमा
सम्झिन्छु म अतीतका पलहरू
बामे सरेदेखि जुँगाको रेखीसम्म
जसरी मातृत्वले प्रशव पीडाका साथ
सन्तानको जन्म दिन्छिन्
असह्य व्यथा, कुण्ठा, छटपटी र चित्कार सहेर
त्यस्तै परिवेशमा खेल्दै
जुँगामुठे नौजवान बन्दै छौ आज
चौँतीस वसन्तको शुभकामना तिमीलाई ।

मैले झिमिक्क आँखा झिम्क्याउँदा
लुकामारी गर्थ्यौ औँसीको अन्धकारमा
हरदिन अठार घण्टा खोज्थेँ तिमीलाई म
तिम्रो पर्खाइमा मैनबत्ती र टुकी बाल्थेँ
जेनेरेटर, इन्भर्टरले तिमीलाई सुसेल्दै बोलाउँथे
तिम्रो जन्मदिनको अवसरमा मेरा यी वाणीहरू
तिम्रा ती सुन्दर मुहार र हृदयका पत्रपत्रमा
समृद्धिको वर्षा होस्– ऊर्जा र अनन्त यात्राको
गोरखनाथको आशिष्झैँ
सात समुन्द्रको पारिसम्म ।

तिमीले हेर्नू– दया र करुणाले सबमा
स्वयम्भूका आँखाझैँ
ऊर्जा थप्नू विद्युतकर्मीमा
चम्काउनू– हीराझैँ
पगाल्नू आफ्ना सखीहरूलाई
कसी लगाई सुनमा झैँ
तिम्रो तरङ्गले नहोस् बेचैनी कसैलाई
तिमी त आफैँ उज्ज्वल छौ प्रकाशपुञ्जझैँ
चौँतीस वसन्तको शुभकामना तिमीलाई ।

■■

*निर्देशक, ने.वि.प्रा.*



राजेन्द्रकुमार श्रेष्ठ

# जब धुन्धुकारि बन्छ मान्छे



जब मान्छे धुन्धुकारि बन्छ
तब उसले आफ्नी आमालाई खै के-के देख्छ !
आफ्नी आमालाई खै के भनेर सोच्छ उसले !
अर्धचेतको अवस्थाले गाँजिसकेको छ उसलाई
किनकि, ऊ धुन्धुकारि बनिसकेको छ ।

सुन्ने कान बन्द भैसके
विवेकका तन्तु सडिसके
धुन्धुकारि तैपनि म जीवित नै छु भन्छ
अरूलाई के-के देख्छ ऊ खै कुन्नि !
तर पनि, आफूलाई भगवान् नै ठानिरहेको छ
किनकि, ऊ धुन्धुकारि बनिसकेको छ ।

जब मान्छे धुन्धुकारि बन्छ
हरेक क्षणमा विक्षिप्त बन्छ
कोलाहल मच्चाउँछ
सायद केही थाहा छैन होला कि जस्तै गरी
थरथर काँप्दै सत्यका हिमायतीहरू
यत्रतत्र भाग्न खोज्दै छन् उसका नजरबाट
किनकि, ऊ धुन्धुकारि बनिसकेको छ ।

विवेक, सदविचार लाचार छायाजस्तै बनाई
क्रमशः विवेकका बिउहरू मास्न उद्यत् छन्

अट्टहासले खुसी मनाउन छाड्दैन
लाग्छ– आफूमात्र हाँस्न पाए पुग्छ उसलाई
किनकि, ऊ धुन्धुकारि बनिसकेको छ ।

जब मान्छे धुन्धुकारि बन्छ
ज्ञानको ज्योति नै निभिसक्छ उसको
बाल्न खोजेर पनि बल्न सक्दैन अब त्यो
चेतनाका लहराहरूमा धमिरा लागिसक्छ उसको
ज्ञानको अङ्कुरले टुसाउनै पाउँदैन उसमा
त्यसैले, ऊ धुन्धुकारि बनिसकेको छ ।

मथिङ्गलभित्र गोब्रे कीरा पसी सबै खाइसके
जर्जर मन–मस्तिष्कहरू बने–
उजाड मरुभूमिजस्तै
चेतनाको ज्योति निभिसक्यो भ्यापभुप्प उसको
अर्धचेतमै बौलाएर म मान्छे हुँ भन्दा पत्याऊँ कसरी
किनकि, ऊ धुन्धुकारि बनिसकेको छ ।

जब मान्छे धुन्धुकारि बन्छ
तब उसले आफ्नी आमालाई खै के–के देख्छ !

■■ *काठमाडौँ ग्रीड महाशाखा*



प्रसून अधिकारी

# लोडसेडिङ



अँध्यारो रात, चकमन्न शहर र सुनसान गल्लीबीचको एक कोठा
सन्नाटाले व्याप्त अनि भयानक अवस्थाको कारण
आखिर तिमी नै हौ, होइन लोडसेडिङ ?
सुप्रसिद्ध अनि ख्यातिप्राप्त तिम्रो नाम
आखिर कसलाई थाहा नहोला ?
सानो बच्चा
जसले धर्तीमा जन्मिएर च्याहाँ गर्न नपाउँदै
तिम्रै नाम सुन्नुपर्छ
अनि तिम्रै कारण
सुन्दर भईकन पनि आफ्नी आमासामु कालो देखिई
काले भन्ने उपनाम बोक्नुपर्छ ।

बूढो बाबुले अन्तिम श्वास जानुपूर्व
रामनामको साटो, तिम्रो नाम लिँदै भनिरहनुभएको छ–
‘बाबू लोडसेडिङ छ, दिउँसै मेरो मुहार हेर है !
फेरि राति देख्न पाउने छैनस् !’
आहा ! कति भाग्यमानी तिमी !
सबैकी प्रेमिका तिमी !

परिश्रमका खानी मजदुरहरूले
तिम्रै कारण फुर्सद पाएका छन्
किनकि
तिम्रो उदार हृदयको कृपाले आज

उद्योगहरू मुक्तिको सास फेरिरहेका छन्
अनि, ती मेसिनहरू
तिम्रो दीर्घायुको कामना गर्दै व्रत बसिरहेका छन्
जय होस् तिम्रा
अनि, कामना तिम्रो लामो आयुको पनि !

चोटिला प्रहार गर्न पोख्त तिमी
अट्टहासका साथ गर्जँदै
प्रहार गर्दै छौ सारा मानिसहरूमाथि
तिम्रा प्रहारबाट घाइते मानिसहरू
तिम्रै गुणगान गाइरहेका छन्
अनि, तिम्रो यो भद्दा शरीरलाई घटाएर
आकर्षक Zero Size Figure बनाइदिन
अथक प्रयत्न गरिरहेका छन्
कत्रो चिन्ता तिम्रो उनीहरूलाई
कति माया तिमीप्रति उनीहरूको !

साँच्चै Zero Size Figure भएपछि
तिम्रो त्यो आकर्षक शरीरप्रति लालायित हुँदै
तिमीलाई माया गर्न आउनेहरूको
ताँती लाग्नेछ
तिमी साँच्चै महान् छौ लोडसेडिङ
साँच्चै महान् !
■■



हरिप्रसाद रूपाखेती

# आमाको माया

आमाको माया मुटुमा राखी रोइरहन्छु दिन-रात
हे आमा तिम्ले छाडेर गयौ म दूधे बालक
आमा तिमी सृष्टिको खानी, अनन्त अपार
गऱ्यौ नि सेवा सन्तानउपर दया र विचार ।

अप्सरारूपी जीवन आमा फूलझैँ सिँगारी
दुःख-कष्ट दशमाससम्म त्यो माया सम्हाली
मुसुक्क हाँस्थ्यौ, मुस्कान भर्थ्यौ, डाँफेझैँ नाचेकी
कला र कौशल तिमीमा थियो, जादु नै रचेकी ।

हेर बाबू ! हेर छोरा ! नगर है हेला
यही हातले नचाएको थिएँ कोही बेला
बाबा तिम्रो टाढा-टाढा म तिम्रो साथमा
चिच्याएर रुँदा तिमी सातो जान्थ्यो मनमा ।

मर्छन् नारी आमा बनी कालै नआई
रूप नै बिग्रियो, शरीर आमा ! उपचार नपाई
पानीको प्यास त्यो भोक-निन्द्रा ख्यालै नगरी
छोरा र छोरी हुर्कायौ आमा घरबार सम्हाली

भन्थ्यौ नि आमा बुहारीलाई– सम्हाल घरबार
यही हो नानी जुग जाने घर, सुन्दर दरबार
हे नानी दुलै ! जुग जाने घर, सबैको मन पर
घरको ताला, भण्डार खाला, बस है लिएर ।

सम्झाउँदै आमा, छोरा र बुहारी ज्ञान र अर्तीमा
दुःख पर्दा नरुनू भन्थ्यौ त्यो अन्तर आत्मामा
आमाको माया मुटुमा राखी रोइरहन्छु दिनरात
हे आमा ! तिम्ले छाडेर गऱ्यौ म दूधे बालक । ■■



रीता खनाल

# पवित्र घण्टा

आजकल मन्दिरको पवित्र घण्टा
कहाँ बज्छन् र
चारैतिर कालो बादल
मडारिएको बेला !

दूध र लिटोको बन्दोबस्त गर्न
हजारौँ भलादमीहरूको शिकार बनेका
ती चेलीका व्यथा
कसले सुन्छ र यहाँ ?

कामको खोजीमा हिँडेका बहादुरहरू
हजारौँ काठको बाकसमा फर्किरहेका छन्
ती दूधे बालक र वृद्ध बाबुआमाको अन्तर्आत्माको व्यथा
कसले बुझ्छ र यहाँ ?

कलम र कापी नपाई
गिलास र प्लेटलाई नै
आफ्नो सर्वस्व ठान्ने
ती कर्णाधारहरूको भविष्य
कसले जिम्मा लिन्छ र यहाँ ?

उपचारको खोजीमा समय कुरिरहेका
सडकमै लम्पसार परी आकाशलाई

छानो बनाइरहेका ती बेवारिसेहरूलाई
अस्पतालको ढोका कसले खोलिदिन्छ र यहाँ ?

तिमी रोजगार, बेरोजगार भत्ताको कुरा गर्छौ
नारा लगाउँछौ
तिम्रो खोक्रो नाराले कसैको पेट भरिँदैन
रगतको खोलो बग्दा
तिमीलाई एक छिट्टा पर्दैन
कसरी भन्न सक्छौ हामी एक हौँ भनेर ?

एक गाँस र एक थोपा पानी
नभएको बेलामा तिमी
पाँचतारे होटलमा
डिस्कोमा झुमिरहेका हुन्छौ
कसरी भन्न सक्छौ भोकमरी
हटाउँछु भनेर ?

कालो सिसाबाहिर
बसेर हेर
बाहिरी दुनियाँसँग
अनभिज्ञ छैनौ
सक्षम छौ अधिकार दिन
तर, मौन छौ ।

बज्न देऊ अब मन्दिरको पवित्र घण्ट
पूरा गर आफ्ना वाचा र प्रतीज्ञा
नपरोस् कतै सुन्न दुःखी, बलात्कृत आवाजहरू !

■■

*माटो, ढुङ्गा तथा कङ्क्रिट प्रयोगशाला, स्वयम्भू*

कृष्णकुमारी बस्याल

# अन्योल



अन्योलै अन्योलमा गुज्रिरहेको मेरो देशले
अझै स्वच्छन्दताको काँचुली फेर्न सकिरहेको छैन ।

निर्मला हत्याको वर्षौं बित्दा पनि
गुपचुप रहेको वास्तविकतालाई
अझै अन्योलमा राखी
अपराधीलाई बचाउन खोजिएको मेरो देश ।

खै ! के हुन्थ्यो र !
सत्य गर्ने निलम्बनमा परेका छन्
देशद्रोही, भ्रष्टले
आफ्नी जननीमाथि कठोर अन्याय गरेका छन् ।

हो,
अठार घण्टा लोडसेडिङ गराउनेहरूलाई
'वाऽ वाऽ' को सम्मान दिनेहरू
आज चौबीसै घण्टा
ऊर्जाको ज्योति दिने चम्किला तारालाई
दाग लगाउन खोज्दै छन् ।

हो,
सतिले श्राप दिएको मेरो देश
राम्रो गर्नेलाई नराम्रो

नराम्रो, चाकरी-चाप्लुसी गर्नेलाई
प्रोत्साहन गर्न खोजिएको छ ।

हो,
जिन्दगी अन्योलै अन्योलमा गुज्रिरहेको छ
बुझिसाध्य केही रहेन यहाँ
स्वार्थीपन बढिरहेको छ ।

धर्ती, जननीका मन-मष्तिष्कहरूलाई
कठपुतलीको पात्र नबनाइयोस्
योग्य, अनुभवी, इमानदार, सक्षम र सबल महिलाहरूलाई
अबका दिनमा केही अवसर दिलाइयोस् ।

कर्मचारीमा समान तह, पद र समान कार्यका लागि
महिलालाई अग्रपङ्तिमा राख्न
विनियमावली बनाइयोस्
महिलालाई पनि सक्षम र सबल भएको
भान दिलाइयोस् ।

हो,
आज म यही कविताको माध्यमबाट
हाम्रो बोर्डका न्यायिक जनहरूलाई हार्दिक अनुरोध गर्दछु
समान तह, पद र काममा निपुणता छ भने
महिलालाई पनि अग्रपङ्क्तिमा राख्ने प्रथा बनाइयोस् ।

■■

*बालाजु वितरण केन्द्र*

मुकुन्द प्रसाईं

# काठमाडौँ



हुन त काठमाडौँको
कथा पुरानो छ
व्यथाहरू भने नयाँनयाँ
परिमार्जित अनि परिष्कृत बन्दै
हजारौँ जिन्दगीहरूसित खेलबाड गर्दै
सपनाहरू गिज्याउँदै
अनेक सम्भावनाहरूको खोजी गर्दागर्दै
थाकेर थचक्क बस्दा पनि
कसैले एकवचन नसोध्ने संस्कृति बोकेको
पछिल्लो समय समृद्धिको स्लोगान बोकेर
धेरै जीर्ण शरीरहरूको अगाडि
केही अजीर्णहरूको ठालुपन
टुलुटुलु हेर्दै बसेको
अनेक परिवर्तनहरूको साक्षी बस्दाबस्दै
परिवर्तनले नै धरापमा परेका अनगिन्ती
मनहरू जेब्राक्रसमै अलमलिएको देखेर पनि
खै ! कोही सोध्दैन के भो ? भनेर
खै ! कोही सरोकार राख्दैन ।

यो बिरानो शहरले
अपनत्व छाडेको युगौँ भइसक्यो
तैपनि आशाको त्यान्द्रो बाँकी राख्दै
सम्भावनाको पुलमा निरन्तर ओहोरदोहोर गर्दै

बाँकी जीवनलाई आफ्नै छोराछोरीको भाग्यसित साटेर
कहीँ, कतै गन्तव्यको एउटा कुनो फेला पार्न
सकिन्छ कि भनेर
निरन्तर, केवल निरन्तर
यात्रा गर्दै एउटा जीवन
अस्ताउँछ तर कोही सोधखोज गर्दैन
कसैले सोध्दैन ।

सँगै उतापट्टि कोठामा रहेको छिमेकी
बेखबर बन्छ
तर, कोही सोध्दैन
यो काठमाडौँ हो
कथा यत्तिमै सकिँदैन
अनेकौँ कथाको एउटा
सानो उपकथा हो यो
हो, काठमाडौँ यस्तै छ
अरू कति समय यस्तै हुने हो
थाहा छैन
हेर्दै छु म, यसरी नै काठमाडौँलाई ।

■■



कपिलचन्द्र बस्ताकोटी

# सरकार भेटिएन



रहर गर्‍यौँ खेतमा पानी लाउने, कुलै काटिएन
गाउँमा बाढी पस्यो, पहिरो खस्यो, दरबार आत्तिएन
तराइ, पहाड, हिमालबीचमा आत्मा गाँसिएन
त्यसैले, सबैले भन्छन् यहाँ–
जनताले चाहेजस्तो शासन देखिएन
गणतन्त्रले मागेजस्तो सरकार भेटिएन ।

हत्या अनि हिंसाको शृङ्खला रोक्दै रोकिएन
स्वयम्भू र लुम्बिनीहरूमा पनि शान्ति देखिएन
प्रशासन र अदालतको ढोकामा न्याय भेटिएन
त्यसैले, सबैले भन्छन् यहाँ–
जनताले चाहेजस्तो शासन देखिएन
गणतन्त्रले मागेजस्तो सरकार भेटिएन ।

भ्रष्टाचार, बेरोजगारी, नातावाद घटाउन सकिएन
युवा शक्ति, परिश्रमी हातहरू देशमै अटाउन सकिएन
मातृभूमिको माया नेपाली मनहरूमा सजाउन सकिएन
त्यसैले, सबैले भन्छन् यहाँ–
जनताले चाहेजस्तो शासन देखिएन
गणतन्त्रले मागेजस्तो सरकार भेटिएन ।

टुप्पैबाट पलाएछन् धेरै, जरा भेटिएन
दीन-दुःखी, बिचरा बन्ने नेपालीको तग्दिर मेटिएन

शासक, नेता, देशप्रेमी भन्ने डिक्सनरी भेटिएन
त्यसैले सबैले भन्छन् यहाँ–
जनताले चाहेजस्तो शासन देखिएन
गणतन्त्रले मागेजस्तो सरकार भेटिएन ।

देशको मुहार फेरियो भनेर
कतै सुनाउन सकिएन
विकासरूपी फूलहरूले
जन्मेको ठाउँ सजाउन सकिएन
सुखी र भाग्यमानीको नेमप्लेटमा
नेपालीको नाम लेखाउन सकिएन
त्यसैले सबैले भन्छन् यहाँ–
जनताले चाहेजस्तो शासन देखिएन
गणतन्त्रले मागेजस्तो सरकार भेटिएन ।

■■

*मध्यमर्स्याङ्दी जलविद्युत केन्द्र, लमजुङ*




*हाजिरी जवाफ प्रतियोगिताका सहभागीहरू*

सफल देवकोटा

# मेरो मन्दिर बिक्रीमा छ



बाउबाजेले दुःखले आर्जेको
वर्षभरि मेरो जहानको पेट पाल्ने
मेरो प्यारो गैरीखेतलाई
अस्ति भर्खरैको बाढीले
मेरै पेटमा लात हान्दै, बुर्कुसी मार्दै बगाइछाड्यो ।

के नै बाँकी रह्यो अब, तराई नै बगाएपछि
यस्तोसम्म हुँदोरहेछ पानी रिसाएपछि
कसलाई सुनाऊँ बिलौना !
यो मुखमा लाउने माड छैन
यस्तो लाग्छ–
भट्टीमा गई सोधूँ कि– साहिँली ! जाँड छैन ?
मन कुँडिएको छ
बल्ल थाहा पाएँ–
दुःखको घडीमा मान्छेले राहतभन्दा धेरै आहत पाउँछन्
म यस्तो देशको मान्छे हुँ
जहाँ बाढीपीडित हेर्न मन्त्री हेलिकप्टरमा आउँछन्
अरे यार !
कोही त सम्झाइदेऊ हाम्रा माननीयलाई
घुम्नै मन छ भने अन्त पनि ठाउँ छन् ।

कहिलेकाहीँ त यस्तो लाग्छ–
मेरो समय नै खराब चलिरहेछ

कति भागूँ यी अभावसँग
अभाव पनि सँगै आउँदारहेछन्–
जति आफू भागेर आयो
त्यसैले त, यो समयलाई कैद गर्न
घडी के बाँधेको थिएँ
खोइरो खन्न समय मेरै पछि लागेर आयो
सम्झन्छु, ती बालापन–
रुँदै, कराउँदै, आमाको फरिया समाउँदै
बाको इस्टकोट देखाउँदै पैसा मागिन्थ्यो
त्यसैले त, सोखहरू बचपनमै पूरा गरेको थिएँ
अहिले आफ्नो कमाइले त
रोजीरोटी चल्नसमेत मुस्किल छ ।

मैले नियति भोग्दै गर्दा
मेरो सर्वस्व हरण हुँदै गर्दा
हे दैव ! तिमी कहाँ थियौ ?
तर पनि, गुनासो गर्ने छैन
तिमीजस्तै यो दुनियाँ पनि कति निष्ठुरी भइसकेछ !
देख्दै छु– सबैको ध्यान दौलत, सुनचाँदी, सिक्रीमा छ
दीन-दुःखी न त कसैको चासोमा छ
बटुवा भिखारी न त कसैको फिक्रीमा छ
तुलादान मन्दिरलाई गर्नुपर्छ
र, भिक्षुलाई खुजुरा चढाउनुपर्छ यदि भने
भो ! मलाई यस्तो धर्म गर्नु छैन
सबैलाई चेतना भया
मेरो मन्दिर बिक्रीमा छ ।
■■

नारायणप्रसाद रिजाल

# भूत र वर्तमान



अँध्यारो धर्तीमा
उज्यालो ज्योति छर्ने
हामी कर्मठहरू
लोडसेडिङको ट्याग भिर्दै
छातीमा वचनले कोपेका दागहरू बोकेर
सूर्यको किरण रहेसम्म
एच.टी. पोलका तारसँग पिङ खेल्दै
कहिले घरघरमा
जोड–घटाउको सौदाबाजी गर्दै
हिँडेका पलहरूसँगै
तिमी र म
झुपडी फर्कँदा पानसको बत्तीमा
परीक्षाको तयारी गरिरहेकी मेरी छोरी
अनि, तिम्रो छोरा सम्झँदा अत्यास लाग्छ
अनायास नै
वचनले कोपेका दागहरूबाट भक्कानो फुट्छ !

अहिले तिम्रो र मेरो जागिरको जञ्जिर फेरिएको छ
तिमी उत्पादनमा, म वितरणमा
तिम्रा हातहरू कम्प्युटरको किबोर्डमा
मेरा हात एच.टी. पोलको च्यानलमा
म डिक्स–पिन र डि–आइरनसँग पौँठेजोरी खेल्छु
तिमी उत्पादमा नटबोल्टसँग

फरक– तिम्रो झुपडी नयाँ छ
पानसको सट्टामा झुमर र झुम्काले सज्जित छ
मेरो झुपडी पुरानै तर पानस फेरिएको छ
म टोल-छिमेकमा नमः नमस्तेले सज्जित छु
मन्द मुस्कानले आफ्नो भविष्य उज्ज्वल बनाउने
अठोट गर्दै उनै पुराना छिमेकीको अगाडि
गर्वका साथ मेरो संस्थाको लोगो छातीमा टाँसेर
हिँड्न पाउँदा गर्व गर्छु
आजको व्यवस्थापन र म
आफैँले आफैँलाई आज
लोडसेडिङको बिल्ला भिराउने भीडबाट भन्छन्–
यसरी उज्यालो नेपालको अभियान
समृद्ध नेपालको पहिचान
कुलमानको जय होस् !
ने.वि.प्रा.लाई छड्के सलाम !

■■



*रक्तदान कार्यक्रम*

विकास चित्रकार

# चलखेल



कतै चलखेल त छैन आफ्नै पाखुरीहरूको
कतै ढलमल त छैन आफ्नै खुट्टाहरूको
लाखेनाच नाच या साकेला
कतै मनमगन त छैनन् आफ्नै आँखाहरू ?

म बुद्धका आँखाहरू चियाइरहेछु
म ग्रहण लागेको बिहानहरू कुरिरहेछु
भाले बास्दैन
चराहरू गीत गाउँदैनन्
टिकटक-टिकटक
घडीको आवाज हैन
टिकटक एप्समा बिउँझन्छन्
आजको डिजिटल पुस्ता ।

म मेरै पुरानो कविता सम्झन्छु–
बुद्धको देशबाट बुद्ध लखेटिएपछि
सिद्धार्थ राजमार्गमा राखिएको पाँच बुद्धको मूर्ति तोडफोड
अब म शान्ति खोजूँ कहाँ ?
अब म शान्ति लुकाऊँ कहाँ ?

म मेरै पुरानो कविता सम्झन्छु–
हाइटेन्सनमा बगेका सभ्यताहरू ।

सागर ज्ञवाली

# आह्वान



होलान् इतिहासमा कुनै दिन
ऊर्जा गरिबी र निम्न आर्थिक वृद्धि
Power Cut र उद्योगहरूको Under Capacity Utilization
Poor Voltage, सिँचाइ अभाव र न्यून उत्पादकत्व
विद्युतीकरण नहुनु र जनसङ्ख्या वृद्धिजस्ता
टाँसिएर आउने शब्दहरू ।

तर, आज यो देशमा
हरेक स्वप्नजीवीहरूलाई
गर्वसाथ उठाएर शान
विद्युत प्राधिकरण गर्छ आह्वान–
आफ्ना सपनाहरूका गन्तव्यहरू तोक
यो यात्रामा एकरत्ति गति नरोक
कति चाहिन्छ लैजाऊ बिजुली
यो देशको समृद्धिको जिम्मा बोक ।

ए ! फेसबक !!
तिम्रो भित्तोमा मेरो छोरोको
मुस्कुराएको तस्बिर राख्दा
ओजोन तहको भित्तो
नटुक्रियोस् !

ए ! गुगल !!
तिम्रो सञ्जालमा मैले

मेरै अस्तित्व खोज्दा
यो धर्तीको अस्तित्व समाप्त नहोस् ।

गर्वसाथ उठाएर शान
विद्युत प्राधिकरण गर्छ आह्वान–
फलेबास पाखोलाई फेसबुक पाखो बनाऊ
गाईथुने डाँडोलाई गुगल डाँडो बनाऊ
ओइ ! अमेजन ! शैलुङ्गे थलीमा राखेर सर्भर
स्वच्छ ऊर्जाले संसार चलाऊ, गरिहेर तर्खर !!

स्टेरिङ घुमाउने गुरुजीहरू
हजुरका साहित्य प्यारा छन्
तर, कतिपय समयअनुकूल छैनन्
जस्तो–
'डिजेलको गाडी हो, कच्चा नसम्झ,
ड्राइभर हो नेपाली, बच्चा नसम्झ ।'
'मनमा पीर भए पनि मुस्कान लिएर चढ
मेरै मायालु भए पनि भाडा दिएर झर ।'

यसलाई परिमार्जन गरिपाऊँ
'इलेक्ट्रिक बस हो, कच्चा नसम्झ
नेपालकै बिजुली हो, बच्चा नसम्झ !'

'बिजुलीको एसिवाला गाडी हो, मुस्कान दिएर चढ
मेरै मायालु भए पनि गुगल पे गरेर झर ।'
गर्वसाथ उठाएर शान
विद्युत प्राधिकरण गर्छ आह्वान–
भान्सामा बिजुली, अब यातायातमा बिजुली
बढीभन्दा बढी उद्योग–व्यापारमा बिजुली !

■■

*सहायक प्रबन्धक*

आविष्कार कला

# गिरिका चुलीमा



कालापानी, मानेभन्ज्याङहरूमा चसक्क !
पशुपतिनगर लालबोझीहरूमा कटक्क !
सुस्ता तिलाठीहरूमा ड्याम्म !
मात्र कहाँ हो र !
दशगजाको बाँधले निरन्तर जलमग्न हुँदा जन्मभूमि
देशलाई दुख्दैन
दुख्दैन वीरका सन्तानहरूलाई
यहाँ पत्थर, देउता र मानिस एउटै मुटुका छन् ।

विकास अनि उसको सभ्यता पुऱ्याउन
गिरिका चुलीमा
इराकको पानी खाएर दौडन्छ
त्यो बलात्कारी मेसिन
गिरिका आदिवासीहरू
नेपालको पानी खान बँसी झर्दै छन् ।

विदेशीले कहिल्यै नछोएको हाम्रो कुमारी पहाड
बलात्कृतमात्रै भएको छैन
त्यो फलामको औजारले धनुष्टङ्कारको बीउ रोप्दै छ
हाम्रो गाउँ बगाउने पहिरो
बलात्कार, धनुष्टङ्कारको रोदनमात्र हो
जब पहाडमा भूमिश्राप भयो
हो, त्यही दिनदेखि गाउँमा पस्यो

सेतो चामल स्वेत आतङ्क बनेर
ऋण खोजी–खोजी चामल लिने परम्पराको उद्घाटन
त्यही दिनबाट शुरु भयो ।

मकै, कोदो र गहुँ पन्छाउने दिनबाट
पहाड तिमीलाई मात्र बन्ध्याकरण गरिएको छैन
हामी पनि नपुङ्सक भएका छौँ
त्यो गाई–भैँसीको मलरहितको उत्पादन
चामल होइन; सेतो आतङ्क हो ।

जब आयात बढ्छ
भाषा, विचार, संस्कृति, विषादी र नागरिकतामा
बगेर जाने पानी
पसिना पोख्न जहाज चढ्नेहरूको निर्याततले
न देश बच्छ, न जनता जाग्छन् !!!
■■



*कविता श्रवण गर्दै*

लक्ष्मण घिमिरे

# देश बनाउने सन्देश



चट्ट सजाइएको मञ्चमा
नयाँ नेपाल लेखिएको तुलअगाडि
रातो कार्पेटमा उभिएर
राष्ट्रियगानसँगैको सलामीले मात्र
देश बन्दैन सरकार !

कलकलाउदो यौवनसँग टाढिएका
चुरा, पोते र सिन्दूरसँग साटिएका
बुबा-आमाको काखबाट खोसिएका
खेतबारीले बाँझिएका
चाडबाडले बिर्सिएका
घामले रापिएका
आँसुले भिजेका
रेमिट्यान्सले मात्र देश बन्दैन सरकार !

धन्सार खाली छ; समय जाली छ
भ्रष्टाचार र कमिसनको फालाफाली छ
पूर्व कोशीले डुब्दा
पश्चिम महाकाली छ
बलात्कारी र अपराधीको हुङ्कार छ
जीवनजल र सिटामोलको लागि चित्कार छ
सिङ्गापुरको सपना भजाएर
थोत्रा गाला बजाएरमात्र देश बन्दैन सरकार !

र, निःसन्देह त्यो घडी आएको छ
सङ्कल्प गर्ने दिन आएको छ
भोलिका सन्ततीलाई साक्षी राखेर भन–
देश खोज्न इतिहास पल्टाउनुपर्नेछैन
आमाको कोखलाई धिक्कार्नुपर्नेछैन ।

हामी त फगत दाइँ न हौँ
मियो खोज्दै छौँ
सुन्दर फूलबारीको माली खोज्दै छौँ
तिमी माहुरीको रानी बनेर आऊ
हामी घार सिँगार्न तयार छौँ
आफ्ना लागि बिर्सिएर, सबैलाई समेटेर
अलिकति त्याग तिमी गर
बाँकी हामी गर्छौं
तेरो र मेरो भनेरमात्र देश बन्दैन सरकार !

■■

*सिभिल इन्जिनियर, त्रिशूली ३ बि हब सबस्टेशन, नुवाकोट*





सङ्गीता अधिकारी

# दोषी म



ध्यानले ज्ञान, ज्ञानले यान बनाउँछ
हो, हामी मानवसँग अदम्य सोच छ
राइट दाजु-भाइले यान बनाए
आर्मस्ट्रङ चन्द्र धरातलमा अन्तरिक्षयानसहित पदार्पण गरे
कम्प्युटर, मोबाइल र इन्टरनेटले विश्वलाई साँघुरो बनाए
तर, फैलनुपर्ने मन र मानवता भने
साँघुरिए; खुम्चिए; दबिए ।

यहाँ हरक्षण मानवता साँघुरिएको छ
भाइचारा हराएको छ
आत्मीयता खुम्चिएको छ
सम्बन्धहरू दिनानुदिन टुक्रिएका छन्
धनका खातिर
मपाइँत्वका खातिर
विलासिताका खातिर
मानवले मानवमा अमानवीयता लादिरहेछ ।

अतृप्त; धनी हुने होडमा
व्यापारीमा धर्म हराएको छ
राष्ट्रसेवकमा सेवाभाव हराएको छ
सन्तानमा स्नेह हराएको छ
शासकमा धैर्य र विवेक हराएको छ ।

आखिर दोषी को ?
ज्ञान कि ज्ञानी ?
धन कि धनी ?
शासक कि शासित ?
होइन
दोषी हामी सबैको मनभित्रको न
झिकिएको स्वार्थी, नाङ्गो र लोभी म
अवसरवादी पापी म
फगत म
दुनियाँमा एक्लै आउने, एक्लै जाने
जति खाए पनि नअघाउने अतृप्त म
काया नमर्दासम्म मभित्र बाँचिरहने
हरपल सँगै हुने
असन्तोषी म, मात्र म !

■■

*माटो ढुङ्गा तथा कङ्क्रिट प्रयोगशाला*




*प्रमुख अतिथि प्रा.डा. हेमनाथ पौड्यालज्यूबाट कविता प्रतियोगिताको उद्घाटन*



शारदादेवी पोखेल भट्टराई

# प्रमादवान्

१)
मेरै हुन् सब यी भनेर कुलको, लुट्दै छ मान्छे किन ?
उस्को बन्छ सधैँ, पहाड मन त्यो, खोज्दैन सानो हुन ।
मै ठूलो कसरी बनेर धनको, देखाउने धाक नि
सित्तैमा मजले, खुराक हसुरे, रित्याउने दान नि ॥
२)
राम्रो बोल्न मनै हुँदैन उसको, के इज्जतै घट्छ कि ?
धारे हात गरे पछाडि सबको, सम्मान के बढ्छ नि !
अर्ती दिन्छु सधैँ, खुशी रहनु है, भन्दा रिसानी हुने
यो खल्लो उपदेश के दिनुभयो, उल्टै निशाना हुने ॥
३)
भ्रष्टाचार गरे खुशी छ जगतै, सर्वस्व पायौँ सरी
चोरेको धनले दियो र पदवी, भो ज्यान मुर्दासरी ।
आमा हुन् कि बुबा रहेन ममता, कस्को छ केको डर
केको सुन्छ सही कुरा जति भन्यो, मान्दैन कोही भर ॥
४)
आफ्नै आर्जनले सुखी हुनु सबै, जे हुन्छ राम्रै गरौँ
अर्काको पछि हुन्न दौडन सदा, स्वयम् छु सोध्ने गरौँ ।
गर्नै हुन्न कुरा पहाड तिलको, को जित्छ भन्ने डर
मान्छेमा हुनुपर्छ भाव सतको, दीर्घायु नै को छ र !!

■■

*केन्द्रीय कर्मचारी प्रशासन शाखा*

सुजाता थापा

# सुझाव



पोल्टोको खुशीलाई बन्दकी राखी
कतर्व्यको भारीलाई थाती राखी
नोटको बिटोले समय घर्केपछि मह्लम लगाउँछु भन्दै
कुन स्वर्णिम स्वप्नको पछि लागी
तिमी जेट चढ्दै छौ; भन त ?

एउटा पक्की घरको आसले
करेसाबारी मास्यौ
औषधीमूलोको वाचाले
मुटुमा किला गाढ्यौ
सुनचाँदीको त्यो तुच्छ सपनाले
न्यानो साथ खोस्यौ
मीठो-मसिनोको लोभले
सन्तोषको गाँस काट्यौ
अतृप्त चाहनाका भकारीमा
मायाको चिहान खन्यौ ।

त्यो तिम्रो निर्णयले तिम्रो मन
हेर त !
भिरेको झोलाझै गह्रुङ्गो छ
गाउँ र बेसी बतासिने तिम्रा पाइला
जञ्जिरले झैँ बाँधिएका छन्
तिम्रा कति हितैषी

र, सपना बाकसमा नफर्किएका हैनन्
फेरि तिम्रा कुना अनि कन्दरामा भोकै मरेका पनि छैनन्
अनि
किन चुक्छौ विश्वास गर्न आफ्नो पाखुरीलाई
किन खर्चन्छौ त्यो श्रम परदेश सिँचनलाई
उहिल्यै भनेका छन् त हाम्रा महाकविले–
*‘हातको मैला, सुनको थैला के गर्नु धनले*
*साग र सिस्नु खाएको बेस आनन्दी मनले’*

मानसपटलमा जेलिएका हजार भ्रम त्याग
स्वर्गजस्तो यो धर्तीको काखमा रम
तिम्रो कर्तव्य तिमीले नै पूरा गर
नोटको बिटोमा नसार ।

■■

*आयोजना व्यवस्थापन निर्देशनालय, मर्स्याङ्दी करिडोर २२० के.भी.प्र. आयोजना*



पोषराज सुवेदी

# दौडादौड



यो संसार विचित्र लाग्दछ सबै मान्छे अनेकौँ थरी
दौडादौड छ लोभ, मोह, धनमा पुग्दैन जो क्यै गरी ।
कोही निर्धन छन् समस्त जगमा, कोही असाध्यै धनी
सारा लम्किरहेछ आर्जनतिरै, को भन्छ थाकेँ भनी ॥

छैनन् धैर्य हतार छन् पसलमा, किन्ने र बेच्ने पनि
गर्छन् छट्पट बैङ्क वा अफिसमा साह्रै ढिला भो भनी ।
गाडी चढ्न हतार, झर्न अझ झन्, के-के न बित्दो सरी
ठेलम्ठेल छ पर्खिदैन अरूको, पालो कुनै क्यै गरी ॥

दौडेको छ किसान रात-दिन नै, ती खेत-बारीतिर
लाखौँ भक्त जुटी असाध्य घुइँचो, देखिन्छ झन् मन्दिर ।
ती स्कूल, कलेजभित्र भिडले, थामी नसक्ने भयो
खाडी लम्किन ठेलमेल छ सधैँ, ताँती झनै लम्बियो ॥

जो दौडे पनि पूर्ण छैन धनले, सन्तोष नै को छ र
मात्रै दौडिरहेछ मानिस सधैँ, पुग्ने कहाँ हो तर ।
छाला चाउरियो, गला तल धस्यो, छन् आँसु आँखाभरि
सारा तन्तु गले परन्तु मनले, मान्दैन त्यो क्यै गरी ॥

कुण्ठा लोभ र क्रोध, मोहहरूले बढ्दै गयो ज्यादति
आफैँभित्र हराउँछौँ यदि भने के अर्थ यो सम्पत्ति
यस्तो राज्य बनोस् समस्त जनले, सोचून् सबैको हित
दौडादौड हुनेछ बल्ल युगमा, श्रद्धा र सम्मानित ।

■■



शम्शेरबहादुर न्हुछे प्रधान

# व्यवहार र अनुभव



घर, टोल, समुदाय, समाज, शहर अनि देश
देख्दिनँ फरक कत्ति पनि यो मेरो विश्वजनमा
न हाँसो फरक छ न त रुवाइ नै
न तन फरक छ, न त मन नै
छ त फरक मात्र सु-मति कि कु-मति ?
छ त फरक सद्व्यवहार कि दुर्व्यवहार ?
के त्यो पारदर्शी आँसु आफैँ भन्न सक्छ–
झरनासरी उभिएको छ किन तपाईंको माझ ?

त्यही आँसुले मलाई रुवाएर कसैलाई हँसाउन सक्छ
वा, मलाई हँसाएर कसैलाई रुवाउन सक्छ
फगत फरक यत्ति हो कि
तपाईं व्यवहार हो वा म अनुभव हो ?
वा, म अनुभव हो वा तपाईं व्यवहार हो ?
धत् ! म भन्छु– यस्तो पनि समाज र सभ्य हुन्छ ?
मलाई भन्छ त्यही समाजले– मजस्तो प्राणी पनि हुन्छ ?
अब म सम्हालिँदै निश्चिन्त भएँ कि
घटना केवल घटना नै हो
कुनै घटना र पात्र बिर्सिएर पनि बिर्सन नहुने हुन्छ ।
त कुनै घटना र पात्र बिर्सिएर पनि सम्झन नहुने हुन्छ ।

आखिर व्यवहारको उपज अनुभव हो
अनि अनुभवको उपज व्यवहार हो नि !

*सहायक प्रशासकीय अधिकृत, के.क.प्र. शाखा*

**ध्रुवराज न्यौपाने**

# एउटा फरक मान्छे



ऊ मान्छे
यो देशको मान्छे— हाम्रै समुदायबाट जन्मेको मान्छे
जसरी परिभाषा गरे पनि
ऊ एक आममान्छे हो
हामीजस्तै भएर पनि यो देशका लागि खास भएर आएको छ
त्यसैले, उसलाई फरक देखिरहेका छौँ
हिजो ऊ हामीसँगै हिँड्दा फरक थिएन
उसले परिवर्तनको हुरी-बतास बोकेर आएपछि
फरक बनेको हो
उसको परिवर्तित सोचले
आज नयाँ उचाइ पथमा हिँडिरहेका छौँ
उसको नौलो प्रभावले
हाम्रा दृष्टिकोणहरू परिवर्तन भएका छन्
हामी स्वयम् परिवर्तन भएका छौँ
उसले केही नयाँ लक्ष्य, उद्देश्य र सम्भावनाहरू
समयको ढाकरमा बोकेर ल्याएको छ
र, हामीलाई त्यसैमा डोहोऱ्याइरहेको छ
त्यसैले, ऊ सर्वत्र नौलो र फरक बनेको हो
अन्धकारमा मडारिएको बादल हटाई उज्यालो छर्ने
यो फरक माछेलाई कतै गुमनाम त पार्ने छैनन् ?
त्यसैले, म रत्नपार्कको डिलमा बसेर
यिनको कार्यशैली नियालिरहेको छु ।

■■

*मध्यमर्स्याङ्दी-डुम्रे-दमौली, १२३ के. भि. प्रसारण लाइन आयोजना, तनहुँ*



मनुकुमारी पुलामीमगर

# छोरी हुँ म



कसैको निन्द्रा भगाउने बहाना हुँ म
कसैको लक्ष्य भेटाउने साधन हुँ म
कसैको मनोरञ्जनको माध्यम हुँ म
कसैको दैनिक कटाउने गुजारा हुँ म
कसैको स्वार्थपूर्तिका निम्ति जन्मिएकी छोरी हुँ म ।

कसैको बिछ्यौनामा नाच्ने नर्तकी हुँ म
कसैको कोठामा सजाउने गहना हुँ म
कालीगढले गहना किच्याएझैँ किच्याएर
जस्तो मन लाग्यो, उस्तै बनाउन मिल्ने म
मन नपरे छाड्न अनि फाल्न मिल्ने गरी जन्मिएकी छोरी हुँ म ।

आफ्नै सम्बन्धको प्रमाण देखाउन नसक्ने म
दुवैको गल्ती समान भए पनि
समानताको अधिकारबाट वञ्चित म
त्यसैले त आफ्नो निम्ति नभई
कसैका लागि जन्मिएकी छोरी हुँ म ।

सारा मस्त निदाउँदा पनि
निदाउन नसकी छटपटाइरहने म
संसारलाई नै ढाटेर रमाइरहँदा कोही
आफैँलाई ढाँट्न नसक्ने एक म
त्यसैले आफैँदेखि हारेकी छोरी हुँ म ।

हाँसी-हासी वर्तमान नै भुल्दा कसैले
रोएर पनि अतीत भुल्न नसक्ने एक म
कसैले आफ्नो भविष्य बनाइरहँदा
कसैका लागि आफनो भविष्य बिगार्ने एक म
तर, तिम्रो सङ्कुचित विचारले बनाएकी जस्ती छोरी होइन म ।

■■

*गौशाला वितरण केन्द्र, महोत्तरी*





## बोदनाथ रिमाल

# जलविद्युतको महत्त्व

जलविद्युत सार्वजनिक, निजी जीवनमा अभिन्न मित्र हो
यसको महत्त्व टुकीविनाको अँध्यारो कोठालाई सोध
जलविद्युत भनेको हरेक जनमनको आवश्यकता हो
यसलाई बचाउने अभियानमा गर्नुपर्छ कर्तव्यबोध ।

आजभोलि मानसपटलमा विद्युततरङ्ग छचल्किरहेछ
यसको सहयोगले इन्टरनेटमार्फत विश्वलाई चुमिरहेछ
जलविद्युतलाई सबैले विश्वमै पावर भनेर चिन्दछन्
सदुपयोग हुनसके नेपालको जलपावर विश्वले नै किन्दछन् ।

लौ है ! अब त केही गरौँ ! जलसदुपयोगको फाइदा लिऊँ
जलसम्पदाको सदुपयोगले देशलाई इन्द्रलोकको उपमा दिऊँ
आऊ ! विभेद, छलकपट छोडी सदुपयोगको सुरुवात गरौँ
लागिपरी सहयोग गरी गर्नेलाई गर्न दिऊँ, खुट्टा तान्न छाडौँ ।

सके गरौँ, नसके सहयोग गरौँ, गर्नेले गर्दैन भने खबरदारी गरौँ
जलसम्पदाको रक्षार्थ भरपूर फाइदा लिई विश्वसामु चिनाऊँ
नेपाल भन्ने देश नमुना होस् विश्वसामु, नमुनाका पात्र हामी
उज्यालो नेपाल बनाई विश्वमाझ चिनिनु छ कर्म गरी हामी ।

उठौँ सबै ने.वि.प्रा.मा कार्यरत साथीहरू, जागौँ अब लागिपरौँ
आफ्नै कार्यस्थलबाट व्यथितिलाई पन्छाउँदै अब अघि सरौँ
भएकोमा मात्र हैन रमाउने, नभएकोलाई गरेर देखाउनु छ
सबल र सक्षम संस्थाको मानपदवीले रमाउन टाढा कहाँ छ र !

■■

*सिन्धुपाल्चोक-२, किउल, हेलम्बू*



**रामराजा ओझा**

# यो दिन कहिले आएन

कलेज भर्ना भई राम्रोसँग पढ्छु भनेको थिएँ
आज त पास हुनु नै ठूलो कुरो भ'को छ
सोच त विशाल थियो तर....
अहँ ! त्यो दिन कहिले आएन ।

मोटाउँदै गएको शरीर देखी
हरेक दिन बिहान उठेर व्यायाम गर्छु भनेको थिएँ
आजमात्र बिहानै उठनु नै ठूलो कुरो भ'को छ
सोचाइ त ठूलो थियो तर ....
अहँ ! त्यो दिन कहिले आएन ।

चुनावमा भोट माग्न आएका नेता, कायकर्ता
गाउँ, समाज र देशको विकास गर्छु भन्थे
आज त नेता, उनका नातेदार र कार्यकर्ताको
मात्र विकास भएको देख्छु तर ....
अहँ ! त्यो दिन कहिले आएन !

अमेरिका, क्यानडा गएका साथी, दाजुभाइ
हामी त्यहाँ गएपछि त
आइफोन, आइप्याड र पैसाको
कमी हुनेछैन भन्थे तर ....
अहँ ! त्यो दिन कहिले आएन !

बूढा भएका बा–आमालाई
खुसी र सुखसाथ राख्छु भनेर
आफैँसँग मनमनै वाचा गरेको थिएँ तर ....
अहँ ! त्यो दिन कहिले आएन !

*बालाजु स.स.*

मनोरञ्जन मल्ल ठकुरी

# अशोभनीय कुरा



एउटा गाउँको विकास र उन्नतिमा पुरानो मुखिया बाधक भयो भनेर आन्दोलन भयो । आधा जति गाउँलेहरू मुखिया हटाएर नयाँ जमिनदार नियुक्त गर्नुपर्छ भनेर आन्दोलनमा आए । आफ्नै गाउँलेहरूबीच झगडा भएर मान्छे मर्न सक्ने हुनाले मुखियाले पद त्यागिदिए अनि बीच गाउँमा रहेको आफ्नै घरमा गएर बस्न थाले । गाउँमा नयाँ जमिनदार चयन गरियो । अवस्था यस्तो सम्म आयो कि– मुखियालाई घरबाट बाहिर जाँदा होस् वा कतै मन्दिर जाँदा होस् वा छिमेकी गाउँमा जाँदा होस्; उनको भ्रमणमा विरोध गर्न थालियो । उनलाई मुखियाको रूपमा देख्न चाहनेहरू मौन बसे । नयाँ नियम र जमिनदारको अगाडि कसैले केही बोल्ने हिम्मत गरेनन् । नयाँ जमिनदार र उसका बथानहरूले गाउँमा मनलाग्दी गर्न थाले । थुम्का-थुम्कामा बाँडिएको गाउँलाई अलग-अलग बनाउनुपर्छ भनेर केही मानिसहरू खुलेआम लाग्न थाले । 'माथिल्लो टोलमा खाना र पानी लिएर हिँड्ने बाटो यही हो' भनेर तल्ला टोलकाले बाटोमा अवरोध पनि गरे ।

केही पुराना र केही नयाँ पिँढीका मानिसहरू मुखियाकोमा गएर 'तिमी नै चाहियो; गाउँ नै ध्वस्त हुन थाल्यो' भनेर भन्न पनि थाले । नयाँ जमिनदारले गाउँमा अराजकता फैलाउने, जातीय सद्भाव बिथोल्न खोज्ने र गाउँ नै टुक्र्याउनुपर्छ भन्नेहरूलाई केही भन्ने र कारबाही गर्ने हिम्मत गर्न सकेन । धेरै युवाहरू पल्लो गाउँमा मजदुरी गर्न जान थाले । युवती र बालिकाहरू आफ्नै गाउँमा पनि सुरक्षित भएनन् । बेलाबेलामा मुखियाले गाउँमा भनेजस्तो भएन भनेर आवाज निकाल्थे तर जमिनदार र उनको टिमले उनलाई कारबाही गरेर गाउँबाट नै निकाल्न पर्ला भनेर थकाउँथे । मध्यमार्गी गाउँलेहरू के गर्ने, कसो गर्ने भनेर दोधारमा थिए । विरोध र समर्थन गर्ने हिम्मत उनीहरूमा थिएन ।

एक पटक पूर्वमुखियाले आफ्नो गाउँको दूरावस्थाबाट आजित भएर केही गाउँलेको अगाडि यसरी बोले, "गाउँको विकास होला कि भनेर मैले मुखियाको

पद त्यागेँ । तर, गाउँ त झन्झन् ओरालो पो लाग्दै गयो । कैयौँ वर्षदेखि मिलेर बसेका गाउँलेहरूबीचमा फाटो आउन लागेको देखेर म चिन्तित भएको छु । आफ्नै गाउँलाई टुक्र्याउनुपर्छ भनेर अराजक गतिविधि गर्नेहरूलाई किन कारबाही गरिँदैन ?" उनले आक्रोश पोखे ।

तर, अचम्म ! गाउँविरोधी कार्य गर्ने र वक्तव्य निकाल्नेहरूसँग चुँसम्म नबोल्ने जमिनदारले पूर्वमुखियाले गाउँको बारेमा चिन्ता गरेर केही बोल्नासाथ गाउँमा बसेर जे पायो त्यै नबोल्न र यस्ता अशोभनीय कुराहरू नगर्न आक्रामक रूपमा चेतावनी पो दिए । अचम्मै छ ! के हो यस्तो ? भनेर मध्यमार्गी गाउँलेहरू चौतारोमा बसेर आजभोलि गफ गर्न थालेका छन् ।

■■

*इन्जिनियरिङ सेवा निर्देशनालय*



*फुटसल खेलका दुई क्याप्टेन माननीय ऊर्जा मन्त्रीज्यू एवम् कार्यकारी निर्देशकज्यू*



## विष्णुबहादुर सिंह

# विम्ब कविता

१. सत्चरित्रता
जीवनको मुस्कानसँग
सुखी भविष्यको
सुन्दर परिभाषा !

२. अयोध्यासँग
रामजन्मको प्रसङ्ग
ऐतिहासिक घेरामा
उल्टो घुम्दै !

३. मनको तृष्णा
आनन्दको अनुभूति
भौतिक रूपसँगै
अस्त्र प्रहार !

४. रगतको नाता
नेपाली समाजको
बदलिँदो परिवेश
पत्थर समान !

५. मीठो सम्झना
अविस्मरणीय क्षण
जीवनको मोडमा
दोबाटो जस्तै !

६. आदरभाव
मनको एक कुनामा
तित्राको बोली
अर्काको झोलीमा !

७. आफ्नो तस्बिर
आफैँले कोर्नुपर्छ
मेहनतविना
बन्नेछ विचित्र !

८. अहङ्कारमा
लङ्का जलेजस्तो
मनको द्वन्द्व
शान्तिले जलाउनुपर्छ !

९. जुनेली रात
मनको मझेरीमा
प्रेयसीको साथ
महदोस मात !

१०. गुलाफ फूल
काँडाविनाको हाँगोमा
वासना हराएजस्तो
सौन्दर्यहीन !

११. वर-पीपल
भन्ज्याङ, चौतारीमा
यात्रुहरूसँग
साक्षात्कार !

१२. पीरको खेती
मनको रापसँग
निसास्सिएर पौडिँदै
किनार खोज्छ !

■■

पुण्यप्रसाद घिमिरे

# नेपालीकै सहजपनका



पुर्खाका ती नियमहरूका वेद, विज्ञान, ज्ञान
गाई हिँड्ने घरवन सधैँ आर्य सङ्गीत गान
सर्दासर्दै कति भुल भए भेटिएका समायौँ
नेपालीकै सहजपनका सिर्जनामा रमायौँ ।

बस्दै हाम्रो हिमवत चुली, टाकुरामा रमाई
त्यस्तो यौटा मिलन रूपको सभ्यतामा समाई
नाचे, उफ्रे रहर मनका धूनभित्रै अटाए
नेपालीमै सहजपनको सिर्जनामा रमाए ।

थेनन् हाम्रा सकल युगका सम्झिने यी पुराण
थेनन् हाम्रा मनमन भजी गाउने भक्ति ज्ञान
हिन्दी पालीहरूसित हिँड्यो छाडी संस्कृत बोली
बङ्गालीले पनि लय मिठा गाउँथे लोली खोली ।

सम्झी यस्ता गहनपनका सभ्यताका निशानी
नेपालीमै लिखितम भए भित्रका यी कहानी
जन्मी भाषा लुरुलुरु हिँड्यो गाउँ, सिञ्जा पहाड
नेपालीकै सरस रसिलो सिर्जनाको हिमाल ।

नेपालीका सरस पनमा जोड्नलाई सिपालु
आए यौटा कवि हृदयका दीव्य सौन्दर्य भानु
नेपालीमै सललल हुने लेखियो राम गाथा
नेपालीकै सरलपनको लेखियो राम-गीता

त्यो बेलाका नियमन कडा नारीले भोग्नुपर्ने
लेखे यौटा नियम वधूका मार्गलाई समाल्ने
लेखी यस्तै जटिल कविता जेलमा व्यङ्ग्य हान्यौ
नेपालीकै मनहरू छुने सिर्जनामै रमायौ ।

यत्रो भाषा उठिकन कुद्यो तङ्ग्रिई बारबार
जन्मेका छन् कति विविध यी वाङ्मयी रूपसार
यी जम्मैका जसहरू लिने भानु नै छौ अपार
नेपालीका मनहरू छुने सिर्जनाका असार ।

नेपालीकै घरघर पुगे काव्यका पूर्ण सार
गाए सारा रनवन घुमी गोठ, बैँसी, बजार
लेखे भाषा सबतिर मिल्यो, गद्य औ पद्यतर्फ
अर्पूँ श्रध्दासुमन मनले जोडी यी दुई हस्त ।
■■



*म्युजिकल चेयर खेलमा विजयी*

रामेश्वर राउत ‘मातृदास’

# बाँकी सबै राम्रो छ



नराम्रो मात्रै नराम्रो, बाँकी सबै राम्रो छ
सृष्टि शिरमा मुस्कुराउने जून-घाम हाम्रो छ

आँटौँ-उठौँ-जागौँ-लम्कौँ संसार सारा हाम्रै हो
पौरखी-पुरुषार्थी-परमवीरको माटो मेट्न सक्छ को ?
धरती-आकाश-अग्नि-वाय-जल-जीवन एक छ
नराम्रो मात्रै नराम्रो, बाँकी सबै राम्रो छ
सृष्टि शिरमा मुस्कुराउने जून-घाम हाम्रो छ ।

अठोट हाम्रा महान् हुन् अग्लिएका शिखर चुली
निरीह हामी हुने हैन, आफैँले आफूलाई भुली
सत्य-धर्म-न्याय-विवेक कालजयी बाटो छ
नराम्रो मात्रै नराम्रो, बाँकी सबै राम्रो छ
सृष्टि शिरमा मुस्कुराउने जून-घाम हाम्रो छ ।

*वशिष्ठधाम, निर्झर दिलचेत, सिन्धुबस्ती*



*नाकले मुरली बजाउँदै कलाकार मातृका सङ्ग्रौला*

## चौँतीसौँ वार्षिकोत्सवमा अतिरिक्त क्रियाकलाप

नेपाल विद्युत प्राधिकरणको ३४ औँ वार्षिकोत्सव २०७६ भाद्र १ का अवसरमा सोही वर्षको श्रावण महिनाको दोस्रो पक्षमा विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको थियो। कार्यक्रम तत्कालीन निर्देशक श्री लोकहरि लुइँटेलज्यूको संयोजकत्वमा सम्पन्न भएको थियो। कर्मचारीको मानसिक तथा भौतिक स्वास्थ्य तन्दुरुस्ती, ऊर्जामय र उच्च मनोबल कायम होस् भन्ने अभिप्रायले सबै तहका कर्मचारीहरूले भाग लिन पाउने गरी प्रधान कार्यालयमा देहायका क्रियाकलापहरू आयोजना गरियो।

### क) कवितावाचन प्रतियोगिता

१) सागर सिवाकोटी– प्रथम, २) वशिष्ठ बन्धु– द्वितीय
३) उमा न्यौपाने– तृतीय, ४) नारायण रेग्मी– सान्त्वना

### ख) वक्तृत्वकला प्रतियोगिता

१) सन्तोष गौतम– प्रथम, २) सागरमणि ज्ञवाली– द्वितीय
३) सागर सिवाकोटी– तृतीय, ४) मनकुमारी पुलामी मगर– सान्त्वना

### ग) अन्य कृयाकलापहरू

१) हाजिरी जवाफ प्रतियोगिता, २) रक्तदान जीवनदान कार्यक्रम
३) क्यारमबोर्ड प्रतियोगिता, ४) टेबलटेनिस प्रतियोगिता
५) चेस प्रतियोगिता, ६) फुटसल प्रतियोगिता
७) ब्याटमिन्टन प्रतियोगिता, ८) भलिबल प्रतियोगिता
९) म्युजिकल चियर प्रतियोगिता, १०) घैँटो फुटाउने प्रतियोगिता आदि।

## पत्रिका लोकार्पण तथा रचनावाचन कार्यक्रम सम्पन्न

नेपाल विद्युत प्राधिकरण विद्युतकर्मी साहित्य समाजले 'अमरज्योति' साहित्यिक त्रैमासिकको ४४ औँ अङ्क 'नियात्रा विशेषाङ्क'को लोकार्पण तथा रचनावाचन कार्यक्रम मिति २०७६/०८/२६ गते शनिबारका दिन बनेपास्थित हंसदा योगआश्रममा भव्यताका साथ सम्पन्न गऱ्यो।

हंसदा योग आश्रमका स्वामी ऋषिकुमार पञ्चशीलको प्रमुख आतिथ्यमा सञ्चालित सो कार्यक्रममा आयोजक संस्थाभित्र र बाहिरका गरी करिब डेढ दर्जन स्रष्टाहरूले गीत, गजल, कविता र मुक्तक वाचन गरेका थिए। सो कार्यक्रममा प्रमुख अतिथि स्वामी पञ्चशील तथा विशेष अतिथि स्वामी प्राणमूर्तिले आध्यात्मिक

प्रवचन दिनुका साथै साहित्यको उपयोगितामाथि प्रकाश पारेका थिए ।

कार्यक्रमका अर्का विशेष अतिथि प्राज्ञ तथा वरिष्ठ व्यङ्ग्य कवि नरनाथ लुइँटेल एवम् अतिथि साहित्यकार डिल्लीप्रसाद दाहाल मूलतिहुनले सो कार्यक्रममा रचनावाचन गर्नुका साथै वाचित रचनाहरूमाथि टिप्पणी गरेका थिए । सो कार्यक्रममा विद्युतकर्मी साहित्यिक समाजका पूर्वअध्यक्षहरू केशवप्रसाद रूपाखेती, पुण्यप्रसाद घिमिरे, रामेश्वर राउत 'मातृदास'लगायत विद्युतकर्मी साहित्यिक समाजका सदस्यहरूले समेत आ-आफ्नो रचना वाचन गरेका थिए ।

समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना'को अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा समाजकी कोषाध्यक्ष शारदा पराजुलीले स्वागत मन्तव्य राखेकी थिइन् भने समाजका सचिव प्रकाश आचार्यले कार्यक्रम सञ्चालन गरेका थिए । सो अवसरमा समाजका सदस्य विष्णुप्रसाद आचार्य 'अतृप्त'ले साहित्यिक समाज र 'अमरज्योति' पत्रिकाको सहसम्बन्धमाथि प्रकाश पारेका थिए ।

## अनलाइन जुम बैठक तथा रचनावाचन कार्यक्रम सम्पन्न

विश्व नै कोरानाको बढ्दो सङ्क्रमणले आक्रान्त भएको बेला २०७७ जेठ ८ गते नेपाल विद्युत प्राधिकरण विद्युतकर्मी साहित्यिक समाजले कार्यसमितिको बैठक गरी विभिन्न निर्णयहरू गर्नुका साथै रचना-वाचनको कार्यक्रमसमेत सम्पन्न गऱ्यो । वितरण तथा ग्राहक निर्देशनालयका उपकार्यकारी निर्देशक हरराज न्यौपानेको प्रमुख आतिथ्यमा सञ्चालित उक्त कार्यक्रममा समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना'ले लकडाउनको बेलामा अनलाइन बैठक र रचनावाचन कार्यक्रमको आवश्यकता र औचित्यमाथि प्रकाश पारेका थिए । सो अवसरमा 'अमरज्योति' साहित्यिक त्रैमासिकका कार्यकारी सम्पादक विष्णुप्रसाद आचार्य 'अतृप्त'ले सहभागीहरूलाई स्वागत गर्नुका साथै वाचित रचनाहरूमाथि टिप्पणी गरेका थिए । कार्यक्रममा वितरण तथा ग्राहक निर्देशनालयका उपकार्यकारी निर्देशक हरराज न्यौपाने, विद्युतकर्मी साहित्यिक समाजका पूर्वअध्यक्ष पुण्यप्रसाद घिमिरे एवम् कार्यक्रममा सहभागी कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूले आ-आफ्ना रचना वाचन गरेका थिए । सो कार्यक्रमलाई विद्युतकर्मी साहित्यिक समाजका सचिव प्रकाश आचार्य एवम् सहसचिव यादवराज घलेले सञ्चालन गरेका थिए । लकडाउनको अवधिमा भौतिक भेटघाट हुन नसकेकाले यस्तो विषम परिस्थितिमा पनि सिर्जनशीलतालाई प्रवर्द्धन गर्ने हेतुले प्रविधि प्रयोगका माध्यमबाट सो कार्यक्रम सञ्चालन गरिएको थियो ।

■■

# विद्युतकर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति -२०५६

अध्यक्ष - कुलप्रसाद पराजुली
उपाध्यक्ष - केशवप्रसाद रूपाखेती
सचिव - कृष्णमोहन जोशी
सहसचिव - पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष - कमला श्रेष्ठ
सदस्यहरू - गङ्गा अधिकारी, भगवती प्रसाईं, मातृका पोखरेल, रमेशप्रसाद तिमल्सिना, रमेशप्रसाद न्यौपाने, रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२

अध्यक्ष - केशवप्रसाद रूपाखेती
उपाध्यक्ष - मातृका पोखरेल
सचिव - कृष्णमोहन जोशी
सहसचिव - कुसुम ज्ञवाली
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल, चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४

अध्यक्ष - विष्णुबहादुर सिंह
उपाध्यक्ष - रामेश्वर राउत 'मातृदास'
सचिव - पुण्यप्रसाद घिमिरे
सहसचिव - मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल, कुसुम ज्ञवाली, भगवती प्रसाईं, मातृका पोखरेल, विन्दु शर्मा, यादवराज घले

## तेस्रो कार्यसमिति २०६७

अध्यक्ष - वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष - गोसाई के.सी.
सचिव - पुण्यप्रसाद घिमिरे
सहसचिव - कृष्णदेव रिमाल
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - मातृका पोखरेल, भगवती प्रसाईं, विन्दु शर्मा, मञ्जुलाल श्रेष्ठ, दीपक दहाल, कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०

अध्यक्ष - पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष - रामेश्वर राउत 'मातृदास'
सचिव - कृष्णदेव रिमाल
सहसचिव - मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - मातृका पोखरेल, विन्दु शर्मा, कौशल भट्टराई, यादवराज घले, चण्डिका रायमाझी, शिशिर थापा, कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौं निर्वाचित कार्यसमिति २०७३

अध्यक्ष - रामेश्वर राउत मातृदास
उपाध्यक्ष - कृष्णदेव रिमाल
सचिव - मञ्जुलाल श्रेष्ठ
सहसचिव - प्रकाश आचार्य
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - शिशिर थापा, कोमल कौशिक, मुकुन्दप्रसाद भट्टराई, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई, माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छेटौं एवम् वर्तमान कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरू:
सङ्गीता अधिकारी ९८४१८२७८३६
विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता खनाल ९८४१६०२१७२
शारदादेवी भट्टराई ९८४४७८८३२

# विद्युतकर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

### संरक्षक:

कुलमान घिसिङ
(कार्यकारी निर्देशक, नेविप्रा)

### सहसंरक्षक:

मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
हरिबहादुर गःसी ९८४१५९२३१८
शेरसिंह भाट ९८५१०३८५४०

### संस्थापक आजीवन सदस्यहरू:

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं ९८६५२२६९
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमिल्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

### आजीवन सदस्यहरू

१. विष्णुप्रसाद उपाध्याय-
२. रमा पोखरेल-
३. रम्भा शर्मा अधिकारी- ९८४१६८१४७५
४. शान्ता सुवेदी- ०२१-४६०६८८
५. कुमारप्रसाद ओझा- ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला- ९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा- ९८५१०१८८४४
८. देवराज प्रसाईं- ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती- ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे- ९८४१२८६२६७
११. भुवनचन्द ठकुरी- ९८०१००२००२
१२. रामप्रसाद अधिकारी-
१३. अच्युत नेपाल- ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान- ९८५११०६१०७
१५. कौशल भट्टराई- ९८४१४४७१९०
१६. दण्डपाणि बस्याल- ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल- ९८४१३४९८५४
१८. गौरीमान कडरिया-
१९. बद्रीनाथ रोक्का-
२०. बेलप्रसाद शर्मा- ९८४१४११६४४
२१. मातृका बजिमय- ९८४३६६९०५१
२२. सरिता शर्मा-
२३. काशिराम शर्मा- ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल-
२५. विष्णुप्रसाद आचार्य- ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली-
२७. केशवराज पन्त-
२८. चिरञ्जीवी शर्मा-
२९. टङ्क श्रेष्ठ- ९८५११२३३९३
३०. ध्रुवराज भट्टराई-
३१. रमापति पराजुली- ९८४२०२७७५६
३२. विन्दु शर्मा- ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य- ९८५१०५४३६०

३४. हरिहरमान पालिखे-
३५. प्रकाशजङ्ग राणा-
३६. राष्ट्रभूषण प्रधान- ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल- ९८४११९६८८८
३८. कौशिला देवान- ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक- ९८४१२७८६५८
४०. सरोज अर्याल- ९८४६०८८२३१
४१. यादवराज घले- ९८४१३६१६९६
४२. उषा सिंह- ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ- ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी- ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल- ९८४१८३५६८५
४६. राजु शर्मा- ९८४१४२६४६२
४७. रीता खनाल- ९८४१६०२१७२
४८. भानुभक्त भट्टराई- ९८४९३६५९९७
४९. सुभाष दाहाल- ९७५१००८२२६
५०. सिन्धु यादव-
५१. नवराज भट्ट-
५२. रङ्गराज सिंखडा-
५३. भोजराज पौडेल-
५४. अनिरुदप्रसाद यादव- ९८४१५०२३५८
५५. हरिकृष्ण शाह- ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय- ९८४१३९०१९३
५७. दीपक दाहाल- ९८४९१७४७९९
५८. आर.आर. चौलागाई- ९८४५३५१०००
५९. कृष्णहरि दाहाल- ९८५११९९००२
६०. गोसाईं के.सी.- ९८५१०१२२५३
६१. मधुकर थापा-
६२. ओमप्रकाश घिमिरे- ९८४१६३५९१९
६३. सुजाता थापा- ९८४१३८९४३१
६४. दीपकराज आचार्य-
६५. गङ्गालाल श्रेष्ठ-
६६. राजकुमार रमण- ९८४१२३४३५३
६७. उमा घिमिरे- ९८४१९३२५४२
६८. रीता खनाल- ९८४१६०२१७२
६९. समीरा नेपाल-
७०. दीपक ढकाल- ९८४३८४८८९५
७१. शङ्कर खड्का- ९८४१४४९८५३
७२. कालिकाप्रसाद पने रु- ९८४१८१८२५७
७३. प्यारु राणा- ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी- ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ- ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल- ९८५११९०६७५
७९. कोमल कौशिक- ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने- ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी- ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल- ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित- ९८५११०४५६७
८४. केशवराज वाग्ले-
८५. राजु के.सी.- ९८४१४०२७३५
८६. चण्डिका रायमाझी- ९७४१०१८८३४
८७. मनोरञ्जन मल्लठकुरी- ९८४१४०२८३६
८८. तारादत्त भट्ट- ९८५११३५३९२
८९. शारदा पराजुली- ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट- ९८४८०२४९६५
९१. कपिलदेव महतो- ९८४१२७२७६६
९२. थर्कबहादुर थापा- ९८४१२२४९३९
९३. इन्दिरा पौडेल-
९४. शारदादेवी भट्टराई- ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ- ९८१०३६३९३०
९६. टीकाराज कार्की- ९८५१०६९५६८
९७. प्रकाश आचार्य- ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान- ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना- ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल- ९८४१५४८३९३
१०१. शिव राई- ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी- ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई- ९८४१२२८४५९
१०४. सुशीला लामा- ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ- ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती- ९८५१०३६७७६
१०७. चूडामणि आचार्य- ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम- ९८५८४२६८८
१०९. इन्दिरादेवी दाहाल- ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप'- ९८४९४४७४८९
१११. बलराम पुडासैनी- ९८४१४०५००७

११२. केदारराज सिलवाल– ९८५१०९४४५९
११३. भरतकुमार खड्का– ९८५१०३४६७५
११४. भोला शर्मा– ९८४१३३७७७२
११५. उर्मिला शर्मा– ९८४१०५५९५८
११६. चेवन काफ्ले–
११७. मुकुन्दप्रसाद प्रसाईं– ९८४३०५१४५०
११८. बलराम चौलागाई– ९८४९२३५४९६
११९. मनोज सिंह– ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल– ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ–
१२२. कृष्णकान्त पण्डित– ९८४१७६२९४०
१२३. देवीमाया दाहाल– ९८४१३३३७९४
१२४. निर्मला सुवेदी– ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने– ९८४६०६५२०६
१२६. लक्ष्मण रेग्मी– ९८५११८८२५४
१२७. देवराज घिमिरे–
१२८. बोधनाथ रिमाल– ९७४१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल– ९८४१५४८३७८
१३०. कल्पना कोइराला– ९८४१८०३२००
१३१. थीरकुमार खत्री– ९८४१५७०९२२
१३२. सोमराज शाह– ९८४१०२७९२७
१३३. सङ्गीता कार्की– ९८४१७४९३४९
१३४. शोभा थापा– ९८४१८६५९०४
१३५. रामशरण उप्रेती– ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल– ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी– ९८५११३०४२१
१३८. दुर्गा काफ्ले– ९८४१५१०५४७
१३९. प्रशून अधिकारी– ९८५११६६८१०
१४०. रामहरि गौतम– ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल– ९८४५४६०५२
१४२. मदन तिम्सिना– ९८५११९८३४५
१४३. हरराज न्यौपाने– ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र– ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी– ९८४१४७५२८७
१४६. मनोज सिलवाल– ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल– ९८४१७३२२७१
१४८. रमेश पौडेल– ९८४१२५३१८६
१४९. जयराज भण्डारी– ९८४१२४२६५५
१५०. शम्भु बस्नेत– ९८५१०७४००४
१५१. हरिहर बराल– ९८४१३०५२४२
१५२. केदार प्र. धिताल– ९८५११५६०६२
१५३. शिव अधिकारी– ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर– ९८४१२५९९५७
१५५. अजय दाहाल– ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा– ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी– ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल– ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई– ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ– ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई– ९८४१३२०३१०
१६२. मणिराज नेपाल– ९८५१०४००५६
१६३. दीपा खकुरेल– ९८४१४४८५३०
१६४. मैया थापा– ९८४११८४४०३
१६५. सागर ज्ञवाली– ९८५११४०२३०
१६६. शम्भु बस्नेत– ९८५१०७४००४
१६७. राजेशकुमार राजथला– ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी– ९८४६११९१७४
१६९. ममता वली खरेल– ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी– ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी– ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य– ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो– ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल– ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे– ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला– ९७४५००७६६६
१७७. नरेश मैनाली– ९८४१४४९०१५
१७८. विकास चित्रकार– ९८४१३६११८९
१७९. सृजना ख्याजु– ९८४१९२३५३३
१८०. विजयप्रसाद दास– ९८६०८०७३८१
१८१. कपिल मिश्र– ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली– ९८४१६८५९८२
१८३. रीता बस्नेत– ९८६००१३५६१
१८४. सरस्वती अर्याल– ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल– ९८४१२६१६६६
१८६. दीपक भण्डारी– ९८५११२४४८६
१८७. प्रमिला चौधरी– ९८४११९४७०७
१८८. वसन्तराज नेपाल– ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य– ९८६०११९७११

१९०. चन्द्रकला निरौला- ९८४१९२६०८१
१९१. आनन्द सुवेदी- ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने- ९८४१५०१६०९
१९३. अम्बिका खत्री- ९८४१५६२६९७
१९४. प्रकाश पराजुली- ९८४३७२२०९५
१९५. सुभाष पाण्डे- ९८४९०३३७६२
१९६. विकास पुडासैनी- ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला- ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने- ९८५११२३२४५
२००. अम्बिका घिमिरे- ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का- ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ- ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र- ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र- ९८४९८२९६९९
२०५. जनक महत-९८४१४६३८१३/५५७४४४३
२०६. रमेश खड्का- ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे- ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे- ९८४१३६५४९०
२०९. आविष्कार कला- ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला- ९८४९७५३२३२
२११. विमला खड्का- ९८४६०९६७५७
२१२. पङ्कज राना- ९८४७१९४६०
२१३. जमुना पोखरेल- ९८४१८४७२१३
२१४. रीता खत्री- ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल- ९८९११०५४६६
२१६. गङ्गा सापकोटा- ९८४७५५४१०८
२१७. प्रकाश कुँवर- ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल- ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने- ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल- ९८५११६८२१४
२२१. लोकेन्द्र बहादुर साउद- ९८५१०९९१३३
२२२. अन्जु कटुवाल- ९८४१२५०७६६
२२३. सरिता डङ्गोल- ९८४१५०२९१२
२२४. खेमराज भण्डारी- ९८५१२४००७७
२२५. सरोज घिमिरे- ९८४१५४८०७२
२२६. हरि घिमिरे-
२२७. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२८. वीरेन्द्र कुमार झा- ९८५२०२४९४०
२२९. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२३०. आनन्द नेपाल- ९८५२०२४६४५
२३१. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३२. विनोद सुवेदी- ९८४१३०८३९६
२३३. रमेशप्रसाद घिमिरे- ९८५२०३१०७९
२३४. निर्मला शर्मा- ९८४१५४८७२५
२३५. हरिप्रसाद घिमिरे- ९८४१८२१४९२
२३६. राजेन्द्र कोइराला- ९८४१२९२०६०
२३७. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३८. सुरेन्द्रजङ्ग थापा- ९८५१०४११८८
२३९. राजनप्रसाद प्याकुरेल- ९८४१७००७७०
२४०. तुलाराम गिरी- ९८५११६८२१९
२४१. राजनऋषि कँडेल- ९८४१३४५४२३
२४२. महेश्वर सत्याल- ९८५१०९३१७०
२४३. अनिता बजगाईं- ९८४१६८६३४८
२४४. नागेन्द्रकुमार यादव- ९८५२०३९७०१
२४५. हरिबोल हुमागाईं- ९८४११७४८७१
२४६. चाँदनी बि.क. - ९८४७१०७२१४
२४७. राजन पालुङ्गा - ९८४१३७३७७६
२४८. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४९. नारायण रेग्मी - ९८५११४७४५४
२५०. सागर शिवाकोटी - ९८४१७८१२६४
२५१. उमा न्यौपाने - ९८१३६३६७९०
२५२. मनुकुमारी पुलामी मगर - ९८४४५९४२३६
२५३. राजन फुयाँल -
२५४. शम्शेरबहादुर न्हुच्छे प्रधान -
२५५ निरबहादुर भण्डारी - ९८४१३२७४७२
२५६. राजु भण्डारी ..........................
२५७. जयराम आचार्य - ९८५११३१६९३
२५८. मान्चु कुमारी श्रेष्ठ - ९८४१८६५०१५
२५९. ध्रुवराज प्रसाई - ९८४१६०२९२६
२६०. मिलन मनुवा दाहाल - ९८५१०१७३९०
२६१. नारायणप्रसाद रिजाल - ९८५६०४९४६१
२६२. सुरेन्द्र पोखरेल - ९८४१०६१७५४

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिबिम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्झनाका झिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई.आर.घले | विमोचन/प्रकाशन |

## 'अमरज्योति सम्मान'बाट सम्मानित व्यक्तित्वहरू

| | | |
|---|---|---|
| १. | कुलप्रसाद पराजुली | २०६७ |
| २. | मोहनबहादुर कायस्थ | २०६८ |
| ३. | पुष्पनाथ शर्मा | २०६९ |
| ४. | विष्णुबहादुर सिंह | २०७० |
| ५. | कृष्णमोहन जोशी | २०७१ |
| ६. | केशव रूपाखेती | २०७२ |
| ७. | वीरेन्द्र पाठक | २०७३ |
| ८. | पुण्य घिमिरे | २०७४ |
| ९. | मोहनकृष्ण उप्रेती | २०७५ |
| १०. | भुवनचन्द ठकुरी | २०७५ |
| ११. | मातृकाप्रसाद सङ्ग्रौला | २०७५ |
| १२. | पुष्कर पुरी | २०७५ |
| १३. | जुजुकाजी रञ्जीत | २०७६ |
| १४. | देवेन्द्र अधिकारी (दु:खी माइला) | २०७६ |




नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
ESTD. 1985
NEPAL ELECTRICITY AUTHORITY
उज्यालो नेपालको संवाहक
राष्ट्र निर्माणको मेरुदण्ड
नेपाल विद्युत प्राधिकरण